# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ४५ पूर्णाङ्क ९४ | २०७५ वैशाख ३१ गते सोमबार | Monday, May 14, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## 'नेपालगञ्ज गिरफ्तारी ओली सरकारको निकृष्ट फासिवाद'



काठमाडौं । नेकपा (क्रान्तिकारीमाओवादी) का महासचिव मोहन वैद्य' किरण'ले एक वक्तव्य जारी गर्दै आइतबार विहान नेपालगञ्जबाट विनाकारण प्रहरीले पार्टी केस भुपेन्द्र न्यौपानेसहितका नेताहरूलाई गिरफ्तार गरेको घटनालाई ओली ...बाँकी ८ पेजमा

# हस्तक्षेप र धरपकडकाबीच मोदी भ्रमणको विरोधमा देशैभर प्रदर्शन

## देजमो अध्यक्ष सीपी गजुरेलसहित ५४ जना नेता कार्यकर्ता थुनामुक्त



● वर्गदृष्टि संवाददाता

काठमाडौं । कडा सुरक्षा व्यवस्थालाई चुनौती दिँदै नेकपा (क्रान्तिकारी माओवादी)ले मोदी भ्रमणको विरोधमा २८ र २९ बैशाखमा देशैभर विरोध प्रदर्शन गरेको छ । पूर्व घोषित कार्यक्रम अनुसार क्रान्तिकारी माओवादीले भारतीय प्रधानमन्त्री मोदीको नेपाल भ्रमण, अरुण तेस्रोको शिलान्यास, कोशी, गण्डकी, महाकाली, माथिल्लो कर्णाली लगायत असमान सन्धिसम्झौताको कार्यान्वयन, सीमा अतिक्रमणलगायतको विरोधमा हालै सम्पन्न पार्टीको स्थायी समितिको बैठकले २९ वैशाखमा मोदी भ्रमणको देशैभर विरोध गर्ने कार्यक्रमको घोषणा गरेको थियो। सोही पूर्वघोषित कार्यक्रम अनुसार क्रान्तिकारी माओवादीले ७ वटै प्रदेशका विभिन्न जिल्लामा व्यापक प्रहरी हस्तक्षेप र धरपकडका बीच विरोध जुलुस र सभा सम्पन्न गरेको छ।

प्राप्त समाचार अनुसार काठमाडौं उपत्यकामा २८ वैशाख तथा मोदी भ्रमणको पहिलो दिन मोदीलाई सेनाले दिने सलामीको समय पारेर सैन्यमञ्च टुँडिखेलको वरिपरि छ वटा आर्क बनाएर कालोसझण्डा र तुलसहितका वेलुन उडाइयो। सुन्धरा, न्यूरोड गेट, वीर अस्पताल, भोटाहिटी, बागबजार र भृकुटीमण्डपबाट ...बाँकी ८ पेजमा

## 'गिरफ्तारी र हस्तक्षेप राष्ट्रिय आत्मसमर्पणवादको निर्लज्ज उदाहरण'

काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य'किरण'ले वक्तव्य जारी गरी पार्टीले काठमाडौं लगायत देशैभरि गरिएको विरोध प्रदर्शन तथा विरोध जुलुसमाथि ओली सरकारले गरेको हस्तक्षेप र गिरफ्तारीलाई ओली सरकारको राष्ट्रिय आत्मसमर्पणवादको निर्लज्ज उदाहरण भएको जनाउँदै गिरफ्तार गरिएका नेता सीपी गजुरेलसहित सबैको अभिलम्ब रिहाईका लागि जोडदार माग गर्नुभएको छ।

वक्तव्यमा भनिएको छ, "यो एकातिर भारतीय विस्तारवादद्वारा नेपालको राष्ट्रिय स्वाधीनतामाथि गरिँदै आएको हस्तक्षेपको अत्यन्तै भद्दा नमूना हो भने अर्कोतिर आफूलाई देशभक्त, वाम तथा कम्युनिस्ट भनाउने ओली सरकारको निकृष्ट दलाली तथा राष्ट्रिय आत्मसमर्पणवादको निर्लज्ज उदाहरण हो। साथै यो जनताको विरोध प्रदर्शन गर्ने मौलिक अधिकारलाई कुल्चने घोर फासीवादी क्रियाकलाप पनि हो । हाम्रो पार्टी ओली सरकारका यसप्रकारका गतिविधिहरूको तिव्र विरोध एवम् भर्त्सना गर्दछ।"

वक्तव्यमा "हाम्रो पार्टी ओली सरकारका यसप्रकारका गतिविधिहरूको तिव्र विरोध एवम् भर्त्सना गर्दछ । साथै गिरफ्तार गरिएका क. सिपी गजुरेल लगायतका सम्पूर्ण कमरेडहरूको अविलम्व रिहाइको पनि जोडदार माग गर्दछ । अन्तमा, हाम्रो पार्टी राष्ट्रघातको विरोध तथा देशको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको पक्षमा दृढतापूर्वक उभिई जुलुश ...बाँकी ८ पेजमा

## लक्ष्यको शिखर विमोचित

काठमाण्डौ/ 'प्रगतिशील गीत सुन्न थाल्यो झन् अल्छी लाग्ने हुन थाले। यी त झन् जनतालाई जुरुक जुरुक उठाउने हुनु पर्छ नि।' प्रस्तुत कुरा मोहन वैद्य किरणले बताउनु भएको हो।

शुक्रबार इच्छुक सांस्कृतिक प्रतिष्ठानद्वारा आयोजित 'प्रगतिशील गीत तथा सङ्गीतको सौन्दर्य विवेचना' तथा 'लक्ष्यको शिखर' गीति एल्बमको विमोचन कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्नुहुँदै प्रतिष्ठानका संरक्षक समेत रहनुभएका किरणले भन्नु भयो 'अहिलेको ट्रेण्ड आधुनिकतावादबाट प्रभावित हुन थाल्यो । स्वर एकदम तानेको छ, बटारेको छ । त्यस्तो किन गर्नु पऱ्यो ? गीत गाएको छ गाएको छ तर सुन्दा आनन्द आउँदैन । त्यस्ता भाकाको के काम भयो ? यो नेगेटिभ पाटो हो । यो कमजोरी लेखक कलाकारको भन्दा पनि हामी समीक्षकहरूको हो । हामीले यसबारेमा उपयुक्त समीक्षा गरेर दिशा निर्देश गर्न सकेनौं।' ...बाँकी ८ पेजमा

## टुँडिखेलमा मोदीले सलामी लिइरहँदा आकाशमा कालो झण्डा फहराइए

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले भारतीय नरेन्द्र मोदीको नेपाल भ्रमण राष्ट्रघातकै श्रृखलाको रूपमा भएको भन्दै कालोझण्डासहित विरोध प्रदर्शन गरेको छ । टुँडिखेलमा मोदीले नेपाली सेनाको सलामी लिइरहँदा टुँडिखेलको वरिपरि आकाशमा कालोझण्डासहितका बेलुनहरू उडिरहेका थिए । क्रान्तिकारी माओवादीले टुँडिखेलको वरिपरि ६ वटा आर्क बनाएर कोलो झण्डासहितको वेलुन उडाएको हो।

प्राप्त जानकारी अनुसार सुन्धरा, भृकुटीमण्डप, बागबजार,...बाँकी ८ पेजमा



## यसरी गरियो ५४ जना नेता कार्यकर्तालाई गिरफ्तार

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण, राष्ट्रघाती अरुण तेस्रोको शिलान्यास तथा ओली-मोदी गठबन्धनका विरुद्ध शनिबार पूर्वघोषित कार्यक्रम अनुसार जुलुश प्रदर्शनको क्रममा प्रहरीले हस्तक्षेप गरी देशैभर नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य सीपी गजुरेलसहित ५४ जना नेता कार्यकर्तालाई गिरफ्तार गरियो।

प्राप्त जानकारी अनुसार



विरोध जुलुस तथा प्रदर्शनको क्रममा काठमाडौंको रत्नपार्कबाट पार्टीका स्थायी समिति सदस्य तथा देशभक्त...बाँकी ८ पेजमा

## भाजपा सांसदको अभिव्यक्तिको चौतर्फी विरोध



काठमाडौं । भारतको सत्तारुढ दल भाजपाका सांसद कीर्ति आजादले जनकपुर भारतमा फर्काउनुपर्छ भन्ने अभिव्यक्ति दिएका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा रहेकै बेला भाजपा सांसद आजादले ' जनकपुर सुगौली सन्धिका कारण दुई सय वर्षका लागि नेपाललाई दिइएको र अब प्रधानमन्त्री नरेन्द्र मोदीले भारतमा फर्काउनुपर्छ' भनेर ट्वीट गरेका छन्।

मोदी नेपाल भ्रमणमा रहेका बेला सत्तारुढ दलकै सांसदबाट नेपालका विरुद्धमा आएको उक्त अभिव्यक्तिको अहिले चौतर्फी विरोध भइरहेको छ। मोदीको भ्रमणको क्रममा प्रदेशभरका नागरिकलाई उर्दी जारी गरी मोदीको अभिनन्दनमा ल्याउनु, जनकपुरबासीलाई ढोकामा कलस राख्न उर्दी गर्ने प्रदेश सरकारको गतिविधि र भाजपाका सांसदको अभिव्यक्तिलाई सामान्य रूपमा लिन नसकिने भन्दै अहिले देशैभर बहस र विवाद चलिरहेको छ। भारतीय विस्तारवादी शासकहरू नेपाललाई भुटानीकरण गर्दै सिक्किमीकरण गर्ने अभियानमा रहेको भन्दै विश्लेषण भइरहेको बेला यहाँका दलाल शासकहरूले गरेको मोदीको चाकडी, सशस्त्र सैन्य फौजसहितको मोदीको नेपाल भ्रमण, जनकपुर र काठमाडौंको चावी हस्तान्तरण र मोदी र प्रदेश सरकारका मुख्यमन्त्रीको अभिव्यक्तिले नेपालको राष्ट्रिय स्वाधीनता गम्भीर खतरामा रहेको प्रष्ट बुझ्न सकिन्छ।

## यसकारण मोदी भ्रमणको विरोध

भारतको प्रधानमन्त्री नरेन्द्र मोदी वैशाख २८ र २९ गते तेस्रोपटक नेपालको भ्रमण गरेर फर्किनुभएको छ। पहिलोपटक नरेन्द्र मोदीले नेपालको भ्रमण गर्दा कतैबाट विरोध आएको थिएन । तर यसपालीको तेस्रोपल्टको भ्रमणमा नेपालमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको स्वागत मात्र भएन नेपाली जनता र नेपालका राजनीतिक पार्टीहरूको विरोध पनि भयो। काठमाडौं, बुटवल, नेपालगञ्ज, कैलालीमा सरकारले ठूलो संख्यामा मोदीको भ्रमणको विरुद्धमा उत्रेका राजनीतिक पार्टीका नेता कार्यकर्ता सर्वसाधारण जनतालाई गिरफ्तार गऱ्यो। टुंडिखेलमा मोदीको सम्मानमा 'गार्ड अफ अनर' भइरहँदा टुंडिखेलको वरिपरिबाट बेलुनबाट विरोधमा कालो झण्डाले फहराइएको थियो । त्यस्तै काठमाडौंको महानगरले मोदीलाई नागरिक अभिनन्दन गर्दा देशैभरि विरोध जुलुसहरू भइरहेका थिए। यो विरोध भारतीय विस्तारवादका प्रमुख प्रतिनिधि नरेन्द्र मोदीको मात्र थिएन, नेपालका उसका दलालहरूको विरुद्धमा पनि थियो।

**यो विद्युत परियोजना वास्तवमा नेपाल आफैले बनाउनु पर्थ्यो वा नेपालको हितलाई ध्यान राखेर अरुलाई गराउन दिन पर्थ्यो । तर अहिले जुन सम्झौता गरिएको छ, त्यो सम्झौताअनुसार त्यसको काम भारतको सतलज कम्पनीले गर्नेछ । त्यहाँ उत्पादित विद्युत सोझै भारतको बिहार राज्यअन्तर्गत मुजफ्फपुर विद्युत केन्द्रमा लगिनेछ**



● रामसिंह श्रीस ●

भारतीय प्रधानमन्त्री मोदीको यो तेस्रो भ्रमणमा नेपालमा जुन विरोधहरू आयो, यसका धेरै कारणहरू छन् । यी सबै कारणहरूको बारेमा यस सानो लेखमा सविस्तार चर्चा गर्न सम्भव छैन । तैपनि यो भ्रमणको अवसरमा भएका केही घटनाहरूको संक्षिप्तमा चर्चा गर्ने प्रयास गरिएको छ । यो भ्रमणमा दुवै देशका प्रधानमन्त्रीले संयुक्त रूपमा अरुण तेस्रो जलविद्युत् परियोजनाको शिलान्याश गरेका छन् । कोशी, गण्डकी, महाकाली राष्ट्रघाती सन्धि जस्तै यो अरुण तेस्रो जलविद्युत परियोजनाको शिलान्यास पनि राष्ट्रघाती कदम हो। अरुण तेस्रो आर्थिक तथा प्राविधि हिसाबले देशको सबैभन्दा उत्कृष्ट योजनाहरूमध्ये १ नम्बरमा पर्दछ। त्यसैले यसमा पहिले विश्वबैंकले आँखा गाडेको थियो । नेपाली जनताले त्यसको विरोध गर्दै नेपाल आफैले बनाउनु पर्दछ भन्ने माग राखेका थिए । यो विद्युत परियोजना वास्तावमा नेपाल आफैले बनाउनु पर्थ्यो वा नेपालको हितलाई ध्यान राखेर अरुलाई गराउन दिन पर्थ्यो । तर अहिले जुन सम्झौता गरिएको छ, त्यो सम्झौताअनुसार त्यसको काम भारतको सतलज कम्पनीले गर्नेछ । त्यहाँ उत्पादित विद्युत सोझै भारतको बिहार राज्यअन्तर्गत मुजफ्फपुर विद्युत केन्द्रमा लगिनेछ। त्यपछि मात्र भारत सरकारसँगको अर्को सहमतिअनुसार नेपालतिर पुनः ल्याइने छ। नेपालले ८८ करोड युनिट पाउने छ भने भारतले ३ अर्व ४४ करोड युनिट लैजाने छ। देशमै विद्युत नपुगिरहेको अवस्थामा त्यस प्रकारका उत्कृष्ट र सस्ता विद्युत योजनाहरू ...बाँकी ५ पेजमा

## सम्पादकीय

# मोदी भ्रमणको विरोध

नेपालको संकटपूर्ण अवस्थामा नेपाली जनताका विरुद्ध नाकावन्दी लगाएर जघन्य अपराध गरेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल, अरुण तेस्रो शिलान्यास, सीमा अतिक्रमण, असमान सन्धिसम्झौताहरूको कार्यान्वयन आदिको विरोधमा सडकमा उत्रिएर नेकपा (क्रान्तिकारी माओवादी)ले विरोध प्रदर्शन मात्र गरेन, आम देशभक्त नेपालीहरूको राजनीतिक नेतृत्व लिन पनि सफल भयो । क्रान्तिकारी माओवादी बाहेकका राजनीतिक पार्टीहरूले देखिने गरी सडकमा उत्रिएर विरोध गरेको पाइएन । छिटपुट रूपमा विप्लव नेतृत्वको नेकपा, विकेशील साझा र ग्रेटर नेपालले मोदी भ्रमणको विरोध गरिएको देखिए घोषित रूपमा देशव्यापी रूपमा सडकमा उत्रिएर विरोध भने क्रान्तिकारी माओवादी बाहेक अन्य राजनीतिक पार्टीले गरेको देखिएन । क्रान्तिकारी माओवादीले सातवटै प्रदेशका विभिन्न जिल्लामा खासगरी काठमाडौं, चितवन, इटहरी, रौतहट, बुटवल, नेपालगञ्ज, कैलाली र दैलेखमा विरोध जुलुससहितका विरोधसभाहरू सम्पन्न गरिए । मोदी भ्रमणको पहिलो दिन सैन्यमञ्च टुँडिखेलमा मोदीले नेपाली सेनाको तर्फबाट सलामी लिइरहँदा क्रान्तिकारी माओवादीले टुँडिखेलका वरिवरि ६ वटा आर्कबाट कालोझण्डा, तुलसहितका बेलुन उडाएका थिए । राज्यप्रशासनको कडा सुरक्षा घेरा र निगरानीलाई चुनौती दिँदै क्रान्तिकारी माओवादीले सडकमा उत्रेर विरोध गरेपछि मोदी भ्रमणको दोस्रो दिन उल्लेखित अन्य पार्टीहरूले छिटपुट रूपमा विरोध गरेका थिए ।

पूर्वघोषित कार्यक्रम अनुसार मोदी भ्रमणको विरोधमा २९ वैशाखमा क्रान्तिकारी माओवादीले निकालेको विरोध जुलुस र सभामाथि हस्तक्षेप गरी क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलसहित देशैभरिमा ५४ जना नेता कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गर्‍यो । विरोधको स्वरलाई दमन र निषेध गर्न ओली-मोदी गठबन्धनले जतिसुकै सुरक्षा व्यवस्था कडा पारेपनि राष्ट्रिय र अन्तर्राष्ट्रिय मिडियामा मोदी भ्रमण विरोधका समाचारहरू फैलिए । नेपालका ब्रोडसिटका मिडियाहरूले यति ठूलो विरोध हुँदा पनि मोदी विरोधका समाचारहरूलाई स्थान दिएको देखिएन भने अनलाइन न्यूज पोर्टलहरूमा भने क्रान्तिकारी माओवादीको विरोध प्रदर्शनले राम्रै स्थान ओगटेको थियो । सामाजिक सञ्जालहरूमा त विरोधका स्वर चर्कोरूपमा प्रदर्शित भएकै थिए ।

मोदीको यो तेस्रो र नाकाबन्दीपछिको पहिलो नेपाल भ्रमण थियो । मोदीको यो भ्रमणसँगै नेपाली राष्ट्रिय स्वाधीनताको क्षेत्रमा निकै गम्भीर र पेचिला सवालहरू उत्पन्न भएका छन् । राष्ट्रिय स्वाधीनतमाथि खतरा उत्पन्न गराउने खालका प्रत्यक्ष अप्रत्यक्ष रूपमा थुप्रै गतिविधि र चलखेल भएका छन् । भारत नेपाललाई भुटानीकरणको मोडेलमार्फत् सिक्किमीकरण गर्ने योजनाका साथ अगाडि बढिरहेको छ भन्ने क्रान्तिकारी माओवादी लगायतका पार्टीहरूले गर्ने गरेको विश्लेषण सही सावित हुँदै गएको छ । बढ्दो सीमा अतिक्रमणमा सरकारी मौनता, माथिल्लो कर्णाली, अरुण तेस्रो, महाकाली, गण्डकी, कोशीलगायत भारतसँग गरिएका सन् सचासयताका सबै असमान सन्धिसम्झौताहरूको कार्यान्वयनको सरकारी प्रतिबद्धता, जनकपुर र काठमाडौंमा गरिएका नागरिक अभिनन्दन र चाबी हस्तान्तरण, सुरक्षा र परराष्ट्र मामिलामा भारतीय नियन्त्रण, आकाशिदो भारतसँग व्यापार घाटा, राज्यका सबै निकायमा भारतीय विस्तारवादका एजेण्टहरूको उत्पादन आदिले राष्ट्रिय स्वाधीनताथि गम्भीर खतरा उत्पन्न भएको देखिन्छ ।

यस्तो अवस्थामा देशभक्त नेपालीहरू र कम्युनिष्ट क्रान्तिकारीहरू एकताबद्ध भएर भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्ध प्रतिरोध आन्दोलनको उठान गर्नुपर्ने ज्वलन्त आवश्यकता देखिएको छ । राष्ट्रिय स्वाधीनता र जनजीवीकाकै मुद्दामा विगतमा कार्यगत एकता गरेका क्रान्तिकारी माओवादी, मसाल र नेकपाबीच मोदीको भ्रमणको विरोधमा कार्यगत एकता प्रदर्शित हुन सकेन । क्रान्तिकारी माओवादीले त्यसतर्फ पहल गर्दा गर्दै पनि अन्य घटकमा कार्यगत एकताप्रति रुचि कम हुनु पक्कै पनि राम्रो कुरा होइन । यस्तो अरुचिले भारतीय विस्तारवाद र उसको दलाल शक्तिलाई नै घुमाउरो रूपमा सहयोग पुग्न गएको छ । तथापि क्रान्तिकारी माओवादीको सक्रिय पहलकदमीमा भएको देशव्यापी विरोध कार्यक्रमले आम देशभक्त नेपालीहरूमा एउटा आशा र विश्वासको रक्तसञ्चार गराएको छ । देशभक्त जनगणतान्त्रिक शक्ति र क्रान्तिकारी शक्तिहरू बीचको एकता र विस्तारवाद विरुद्धको प्रतिरोध संघर्षमा नै नेपाल र नेपालीहरूको जीवन अन्तर्निहित रहेको छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।
www.moolbato.com

# अरुण तेस्रो आयोजना : भ्रम र यथार्थ



● गणेश कट्वाल ●

**पृष्ठभूमि**

असीमित इच्छा, आकांक्षा, चाहनाहरू सँगालेर सात दशकदेखि परिवर्तन, अग्रगमन, राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, राष्ट्रिय सुरक्षा र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि नेपाली आमाका वीर सपूतले त्याग र बलिदान गरे, हजारौं सहिद, बेपत्ता, घाइते, अपांग भए । देश र जनतालाई आन्तरिक दासत्वबाट मुक्त गर्न कति घरपरिवारविहीन भए त कति आमा बुबा, दाजुभाइ, दिदि, बहिनीहरू बिहीन भए । तर नेपाल र नेपाली जनताले के पाए ? केवल सीमा असुरक्षा, शासकीय वेथिति, आर्थिक, साँस्कृतिक गुलामी । मुठीभर भ्रष्ट दलाल, सुदखोर, राष्ट्रघाती व्यक्तिले जिते, देश र जनताले सदैव हारे । शासकहरूले पटक-पटक देश जनतालाई विकास र समृद्धिको नारा लगाए तर ती सबै नारामै मात्र सीमित भए । हरेक पटक नेतृत्वले गद्दारी गर्‍यो, जनताले साथ दिए तर गद्दारी पटक-पटक दोहोरी रह्यो ।

आज नेपाली जनता निरास र निर्धन भएका छन्, देशमा नीतिगत तथा संस्थागत वेथिति र भ्रष्टाचारले सिमा नाघिसकेको छ । राज्यका तीन निकाय व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकामा जनताको आस्था, भरोसा र विश्वास छैन । यही शासकीय बेथिति, दण्डहीनता, अराजकता नै आज लोकतन्त्र, गणतन्त्रको उपहार बन्न पुगेको छ । सरकार र शासक परिवर्तन भए तर व्यवस्था परिवर्तन कहिल्यै भएन । हरेक क्षेत्रमा दलाल पोस्न सेन्डीकेट निर्माण गरियो र देशको कुल बजेट बराबर व्यापार घाटा हुँदासम्म पनि शासक र व्यवस्थालाई पत्तोसम्म भएन । जनताले गाँस काटेर बचाएको पैसालाई पुँजी बनाउने, जनताको बचतलाई राष्ट्रिय पुँजी निर्माण गर्नेभन्दा पनि सत्ता संयन्त्र सञ्चालनका लागि दोहोरो कर, राजस्व सङ्कलन, वैदेशिक ऋण, दलाल पुँजी र परनिर्भर अर्थनीति निर्माण रणनीतिको प्रतिफल देश झन् गरिबीको चपेटामा फस्दै गयो । औलामा गन्न सकिने मानिसहरू धनी भए, पुँजी निर्माणका दीर्घकालीन श्रोत साधनहरू व्यक्तिलाई जिम्मा लगाएर राज्यले गर्ने लगानी गैर उत्पादनमुलक क्षेत्रमा गरिरहेको छ । देशमा शिक्षा र स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा समेत व्यापारिक नीति बनाइएको छ । र पनि वाम र कम्युनिष्टको नाममा शासकहरू जनतामा विकास र समृद्धिको भ्रम छरिरहेका छन् । राष्ट्रघाती चहेरा उदांगो हुँदा पनि राष्ट्रवादको फलाको हालिरहेका छन् । समय गतिशिल छ । जनता सचेत बन्दै गएका छन् । भ्रमहरू विस्तारै साफ हुँदै गएका छन् ।

**विषय प्रवेश :**

देशकै आर्थिक तथा प्राविधिक हिसाबले सबैभन्दा उत्कृष्ट योजनामध्ये अरुण तेस्रो १ नं. योजना हो । जलबिद्युत नवीकरणीय उर्जा भएकाले यसको स्वदेशमा खपत हुँदा विदेसी मुद्रा तिरेर आयात गरिएको तेल, एल.पी. ग्यासको खपतमा कमी भइ व्यापार घाटा कम हुन्छ र वातावरणीय अवसर घटाउन सकिन्छ ८५ प्रतिशतसम्म फर्म इनर्जी उत्पादन हुने दीर्घकालीन महत्वको उक्त आयोजना बुट प्राणाली अन्तरगत भारतीय कम्पनीलाई हचुवाको भरमा सुम्पिनु राष्ट्रघात नभए के हो ?

***अरुण तेस्रो आयोजनाको संक्षिप्त विकासक्रम***

सन् १९८५ - पहिलो अध्ययन जापानको जाइका कम्पनीद्वारा

सन् १९६८ र ८७ - तत्कालीन पञ्चायती सरकारद्वरा

सन् १९९२ - पूर्ण प्राविधिक अध्ययन

सन् १९९३ - नेपाल विद्युत प्राधिकरणद्वरा न्यून लागतमा उत्पादन विस्तार योजना

सन् २०११ - सतलजद्वरा सर्वेक्षण

सन् २०१४ - भारतको केन्द्रीय विद्युत प्राधिकरणले आयोजनाको डीपीआर स्वीकृत

आयोजना स्थल संखुवासभा र भोजपुर जिल्लाको सीमाक्षेत्र भएर बग्ने अरुण नदीको फ्याक्सिन्दा दोभान ।

आयोजाको कुल छेत्रफल ४ सय ९६ हेक्टर, त्यसमा वनको जग्गा ३ सय ९८ हेक्टर, निजी जग्गा ९८ हेक्टर ।

बाँधका कारण सिर्जना हुने तालले ५० हेक्टर जमिन डुबान तथा आयोजना प्रवेशमार्ग ११६.८ किलोमिटर लामो सडक ।

बाँध बन्ने स्थल नुम र फ्याक्सिन्दा गाउँपालिकाको फ्याक्सिन्दा दोभान, पाथिभरा गाउँपालिका तथा विद्युत् गृह दिदिङ्ग गाउँपालिका ।

***अरुण तेस्रो आयोजना***

चीनको सीमानाभन्दा केवल १७ किलोमिटर दक्षिण संखुवासभा र भोजपुर जिल्लाको सीमाक्षेत्र भएर बग्ने अरुण नदीको फ्याक्सिन्दा दोभान, तुम्लिङटार देखि २९.२ किलोमिटर, फ्याक्सिन्दा दोभान ६८ मिटर अग्लो र १५५ मिटर लामो बाँध ।

अरुण तेस्रो कुल क्षमता ११०० मेगावाट

हाल निर्माण ९०० मेगावाट

आयोजनाबाट करिब ४ अर्ब २ करोड युनिट बिजुली उत्पादन

नेपालले निःशुल्क पाउने करिब ८८ करोड युनिट ।

३ अर्ब १४ करोड युनिट भारत निर्यात हुने ।

अरुण-३ को पूर्व मुख्य लगानीकर्ता विश्व बैंककले लगानी गर्नको लागि राखेका पूर्वशर्तहरू

जम्मा ४४ पूर्वशर्तहरू को केन्द्रीय उद्देश्य नै प्राधिकारणको वित्तीय क्षमता कसरी बढाउने भन्ने भएपनि केहि विवादित बुदाहरू :-

१) ऋण भुक्तानी नभएसम्म नेपाल सरकारले १० मेगावाटभन्दा ठूला आयोजना निर्माण गर्नु पूर्व विश्व बैंककको स्वीकृति लिनु पर्ने ।

२) सरकारले वार्षिक बजेट सदनमा पेश गर्दा विदेशी लगानी सम्बन्धी नीति विश्व बैंकको सहमतीमा तय गर्नुपर्ने ।

३) विश्व बैंकको सल्लाह अनुसार समय समयमा विद्युत महसुल बढाउनु पर्ने र विद्युत महसुल उत्पादन शुरु भएपछि प्रतियुनिट ८ रूपैयाँ राख्नु पर्ने, जसमा रुसी निर्माण सामाग्री, विदेशी विशेषज्ञ र भारतीय कामदार प्रयोग गर्नुपर्ने ।

***हाल सतलजसँग भएको निर्माण सम्झौता***

विद्युत उत्पादन संरचना निर्माणको लागि १ खर्ब ४ अर्ब र प्रसारणलाइन बनाउनका लागि ११ अर्ब रूपैयाँ, लगानी कुल १ खर्ब १५ अर्ब रूपैयाँ लाग्ने अनुमान गरी भारत निकासीका लागि बुट प्रणाली अन्तरगत बन्ने यो आयोजनाको निर्माताकर्ता सतलज कम्पनीमा भारत सरकारको ७४.५ प्रतिशत र हिमाञ्चल राज्य सरकारको २५.५ प्रतिशत स्वामित्व रहेको छ । जबकी कम्पनीले व्यवसायिक उत्पादन सुरु भएपछि १० वर्ष सम्म शतप्रतिशत नै आयकर छुट पाउनेछ । त्यसपछिको थप पाँच वर्ष नेपाल सरकारले ५० प्रतिशत आयकर छुट दिनुपर्ने छ । विश्वको कुनै पनि देशमा नाफामूलक संस्था ...बाँकी ७ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# कुमाईं राष्ट्रवाद

नेपाल मण्डलमा राष्ट्रवादको महिमागान धेरै हुने गर्छ । राष्ट्रवाद पनि चित्र विचित्रका रङ्गीचङ्गी हुँदा रहेछन् । ती मध्य केहीको यहाँ चर्चा गर्नु बडा सान्दर्भिक होला जस्तो लागेको छ । जस्तै पृथ्वी राष्ट्रवाद, अमर-भक्ति राष्ट्रवाद, जङ्गे राष्ट्रवाद, महेन्द्रीय राष्ट्रवाद, विपि राष्ट्रवाद, सुरुङ्युद्धे राष्ट्रवाद, अन्धभक्ति राष्ट्रवाद, राष्ट्रिय समाजवादी राष्ट्रवाद र कुमाइँ राष्ट्रवाद । यी हुन् नेपाल मण्डलमा प्रयोग भइआएका राष्ट्रवादहरू । यी हरेक राष्ट्रवाद आफ्नो युगमा सशक्त रूपमा प्रयोग भएर खारिएर आएका राष्ट्रवादहरू हुन् । तसर्थ यिनको तदनुसारको महत्व छ । त्यसैले नै यहाँ राष्ट्रवादको महिमागान हुने गरेको हो । यतिखेर नेपाल मण्डलमा प्रयोग भइआएका सामाजिक सञ्जालका भित्ताहरू, खबरकागतका पन्नाहरू, एफएम र टिभीका स्वर र दृष्यहरूमा राष्ट्रवादका विषयमा विभिन्न धारणाहरू आएका छन् ।

अब लागौं यी राष्ट्रवादले आफ्नो कालखण्डमा के कस्तो भूमिका खेले भन्ने कुराको खोलुवातर्फ ।

पृथ्वी राष्ट्रवाद : यो राष्ट्रवाद निकै पुरानो राष्ट्रवाद हो । यसले बाइसे चौबिसे राज्यहरूलाई एकै ठाउँ जोडेर गोराहरूको हडपवादलाई परास्त गर्‍यो । त्यसपछि आफूलाई देउताअवतार घोषणा गरेर आफ्नै बङ्सले मात्रै रैती मनुखेहरूका पसिना हसुर्ने रिति बसाल्यो । उसको राष्ट्रवादमा कसैले पनि दागा धर्नै नपाउने गरी एउटै भाषा, एउटै संस्कृति, एउटै धर्म र एउटै जात लागू गर्‍यो ।

अमर-भक्ति राष्ट्रवाद : यो दोस्रो राष्ट्रवाद हो । यसले गोराहरूको कब्जावादका विरुद्ध डटेर लड्यो । लड्दा लड्दै पृथ्वी राष्ट्रवादको बङ्सले खुट्टा तानेर लडाइदियो । त्यसपछि निरास भएर भाग्यो ।

जङ्गे राष्ट्रवाद : यो राष्ट्रवादले गोराहरूको गुलामी गर्‍यो र आफ्ना रैतीहरूलाई गोराको सुरक्षा गर्न र उसको कब्जावादलाई फलाउन फुलाउन आफैजस्ता दिनदुःखीहरूका छातीमा दागा धर्न लगायो । यसरी अरू सानातिना मुलुकहरूलाई निमोठेर गोराहरूमा विलय गर्न पठाएर भाडाका रैती जन्माउने मुलुकको पगरी गुथायो । आफ्ना सन्तानलाई एक सताब्धीसम्म जङ्गे बनायो ।

महेन्द्रीय राष्ट्रवाद : यो राष्ट्रवाद भनेको आफ्ना बाउले दिल्लीतिरबाट भिख मागेर ल्याएको बहुदलीय तन्त्रलाई कचाककुचुक पारेर खर्लप्पै निल्नु हो । त्यसपछि बहुदलवादीहरू मध्य कसैलाई झ्यालखानामा ठुँसेर, कसैलाई किनेर आफ्नौ हैकम चलाउनु हो । यसले तीस वर्षसम्म आफ्नो बङ्सको हालहुकुम चलायो ।

विपि राष्ट्रवाद : यो राष्ट्रवादको विशेषता भनेको पहिला गर्जिने पछि लत्रिने हो । आफूलाई सत्तामा पुर्‍याइदिने प्रभुलाई आफ्नो देशका नदीनाला, जग्गा जमीन कोशेली दिएर सेवा गर्नु पनि यसको धर्म हो । अन्तमा महाराजले लखेट्दा प्रभुको शरण पर्ने र प्रभुले लात्ती हान्दा महाराजसँग घाँटी जोडेर यसले विगतका भन्दा नौलो राष्ट्रवादको विकास गरेको छ ।

सुरुङ्युद्धे राष्ट्रवाद : यो राष्ट्रवादका आविष्कारक मिस्टर सुप्रिमो हुन् । यो राष्ट्रवादले छिमेकीसँग सुरुङ्युद्ध लड्ने ध्वाँस देखाएर बहादुर बनेको नाटक गर्दै आफ्ना अनुयाइहरूलाई मुर्ख बनाउँछ । कुर्चीका लागि प्रभुका अगाडि लम्पसार पर्छ । यसलाई लम्पसारवादी राष्ट्रवाद पनि भनिन्छ । कुर्चीमा नपुगुञ्जेल विगतका राष्ट्रवादले प्रभुलाई बुझाएका कोशेलीको विरोध गर्न लगाएर रैतीहरूलाई सडकमा ओराल्छ । कुर्चीमा उक्लेपछि बाँकीटाँकी नदीनाला, जग्गा जमीन पनि बुझाउँछ र प्रभुका बुट आफ्नो मुलुकमा परेड खेल्न लगाउँछ । यसले रोटीबेटीको साइनो लगाएर प्रभुको चाकडी गर्छ ।

अन्धभक्ति राष्ट्रवाद : यो राष्ट्रवाद भनेको पञ्चप्रेतहरूले गायत्री मन्त्रझैँ जप्ने राष्ट्रवाद हो । यसको विशेषता भनेको प्रभुहरूकै हण्डी खाएर उसैको विरोध गरेको देखाएर रैतीहरूलाई मुर्ख बनाउने राष्ट्रवाद हो । यसको उद्धेश्य भनेको भुत, प्रेत र पिचासहरू ब्युँताएर फेरी पनि मसानहरूको शासन चलाउने हो । यसले पनि आफ्नो सत्ता आउने भएपछि आफ्ना मुलुकका सिरिखुरी बुझाउन तयार हुन्छ ।

राष्ट्रिय समाजवादी राष्ट्रवाद : यसलाई नेपाली लिनप्याओवादी राष्ट्रवाद पनि भनिन्छ । यसले सुप्रिमोपथसँग जुध्न नसकेपछि अरूको वैशाखी टेकेर सुप्रिमोलाई लालगद्दार र दलाल भन्दै डुक्रिन्छ । पछि आफ्नो जीवन सँधैभरी अभाव र समस्यामा पर्ने भएपछि कुर्चीको च्याल काड्दै वैशाखी भाँचेर प्रभुका शरणमा लम्पसार पर्न जान्छ । पछि आफैलाई सहारा दिने वैशाखीलाई आतङ्कारी भन्दै सत्ताको डण्डा लगाएर आफ्ना दौँतरीहरूलाई झ्यालखानामा कोचेर प्रभुको सेवक बन्छ ।

कुमाइँ राष्ट्रवाद : यो राष्ट्रवाद नेपाल मण्डलको पछिल्लो अवधीको राष्ट्रवाद हो । अहिले नेपाल मण्डलमा यसैको राइँदाइँ छ । यो राष्ट्रवादको विशेषता भनेको भित्रभित्रै प्रभुको सेवा गर्ने र बाहिर राष्ट्रवादको पगरी गुथेर भोट असुल्ने हो । लङ्गडो कुर्चीमा बसेको बेला राष्ट्रवादको हुङ्कार देखाएर भोट बटुल्ने र बलियो कुर्ची फेला परेपछि प्रभुको साक्षात दर्शन गर्ने र मुलुकका बचेखुचेका सम्पत्ती भेटी चढाएर लम्पसार पर्दै पूरै आयु कुर्चीमा टाँस्सिने बरदान माग्ने राष्ट्रवादलाई कुमाइँ राष्ट्रवाद भनिन्छ । यसले राष्ट्रवादको ढोँग देखाएर फासिवाद लागू गर्ने भएकाले यसलाई ढोँगी राष्ट्रवाद भनिन्छ । यो पाखण्डी र नक्कली राष्ट्रवाद हो ।

अहिलेको मौसम कुमाइँ राष्ट्रवादको हो । यो युग पनि यही राष्ट्रवादले एकछत्र शासन गर्ने युग हो । यहाँ अरू कुनै राष्ट्रवादको गुञ्जायस छैन । यदि कसैले कुमाइँ राष्ट्रवादका बिरूद्ध दागा धर्छ भने त्यसको सातपुस्तासम्म पनि जरोकिलो नगाडिने गरी नेस्तनाबुद गर्ने कुमाइँ राष्ट्रवादले अठोट लिँदै प्रभुसँग बाचा गरेको छ ।

यसरी नेपाल मण्डलमा विभिन्न प्रकारका राष्ट्रवादको उदय र अस्त हुने गरेको छ । युग अनुसार नयाँ नयाँ राष्ट्रवादहरू जन्मिने मुलुक भएकाले पनि पृथ्वी मण्डलमै यसको निकै चर्चा परिचर्चा हुने गर्छ । त्यसैले यतिवेला नेपाल मण्डलका बडेबडे अखबारहरू र रेडियो टिभिहरूले कुमाइँ राष्ट्रवादको जयगान गरिहेका छन् । केही सानातिना अखबार र खबर सञ्जालहरू तथा केही सामाजिक सञ्जालका भित्ताहरूमा सानातिना मुख भएका मनुखेहरूबाट मात्र कुमाइँ राष्ट्रवादको विरोध भएको छ । त्यसरी विरोध गर्ने दलका मनुखेहरूलाई कुमाइँ राष्ट्रवादले ठाउँका ठाउँ पकडेर झ्यालखानामा ठुँसेर प्रभुको स्वामीभक्तिमा लीन भएको छ ।

*२९ वैशाख २०७५*

*kailubraha73@gmail.com*

# ‘ओलीले देशलाई सिक्किमीकरण गर्न मोदीलाई सहयोग पुऱ्याउँदैछन्’



# ‘ओलीको राष्ट्रवाद नाङ्गेझार हुन पुगेको छ’

**सीपी गजुरेल– अध्यक्ष, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल**

***मोदीको यो तेस्रो नेपाल भ्रमणलाई लिएर अहिले देश विरोध र समर्थनमा विभाजित हुन पुगेको छ। मोदीको यो भ्रमणलाई क्रान्तिकारी माओवादी अर्थात् देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले कसरी लिएको छ ?***

> *ओली सरकारले मोदीको यो भ्रमण धार्मिक उद्देश्यमा आधारित रहेको भनिए पनि भित्री उद्देश्य चाहिं एकातिर अरूण तेस्रोको शिलान्यास गर्नु रहेछ भने अर्कोतिर मोदीले नेपालमा नाकाबन्दी लगाउँदा उनलाई नेपाली जनताले घृणा गरेका थिए, उनी नेपाली जनताको एकदमै घृणित पात्र बनेका थिए, त्यो पापबाट अलिकति भएपनि चोखिन सकिन्छ कि भन्ने रहेछ ।*

ओली सरकारले मोदीको यो भ्रमण धार्मिक उद्देश्यमा आधारित रहेको भनिए पनि भित्री उद्देश्य चाहिं एकातिर अरुण तेस्रोको शिलान्यास गर्नु रहेछ भने अर्कोतिर मोदीले नेपालमा नाकाबन्दी लगाउँदा उनलाई नेपाली जनताले घृणा गरेका थिए, उनी नेपाली जनताको एकदमै घृणित पात्र बनेका थिए, त्यो पापबाट अलिकति भएपनि चोखिन सकिन्छ कि भन्ने रहेछ । मोदीका दलालहरूले यो भ्रमणमा जनकपुर र काठमाडौंमा नागरिक अभिनन्दन गरेर उनलाई चोख्याउन खोजे । मोदीको यो भ्रमण भारतले नेपालमाथि अझै बढी हस्तक्षेप बढाउन खोजीरहेको छ भन्ने संकेत पनि हो । ८६ जना सशस्त्र सैन्य कमान्डो फोर्ससहित उनी नेपाल आए । यसरी आफ्नै देशको सशस्त्र सेनाको फौज लिएर कुनै पनि प्रधानमन्त्रीले अर्को देशको भ्रमण गर्दैनन् । कुनै पनि देशको प्रधानमन्त्रीको सुरक्षाको जिम्मा भ्रमण गरिने देशले लिने गरेको हुन्छ । यसरी मोदी सशस्त्र सैन्य फौजसहित नेपाल भ्रमणमा आउनु भनेको एकातिर नेपालको सुरक्षा क्षमतामाथिको गम्भीर अविश्वास, राष्ट्रप्रतिको अपमान र हस्तक्षेप हो भने अर्कोतिर हामीले जुनसुकै बेला पनि नेपालमाथि हस्तक्षेप गर्न सक्छौं भन्ने संकेत र सन्देश दिन खोजिएको पनि हो । समग्रमा हेर्दा मोदीको नेपाल भ्रमण नेपालको राष्ट्रिय स्वाधीनतामाथिको गम्भीर खतरा हो । देशभक्त नेपालीहरूले एकजुट भएर यसको विरोध गर्नुपर्छ ।

> *एमाले र माके सरकारमा छन्, उनीहरू त यो भ्रमणका मुख्य योजनाकार नै भैहाले । नेपाली कांग्रेस प्रतिपक्षमा भएकाले उसले विरोध गर्नुपर्ने तर उ भारतपरस्त शक्ति भएकोले उसको पनि विरोधको स्वर देखिएन । विरोध गर्नेमा मुख्यतः हाम्रो पार्टी मात्र देखिएको छ । हाम्रो पार्टीसम्बद्ध देजमो, अन्य जबस मोर्चाहरूले देशव्यापी रूपमा अहिले विरोध गरिरहेका छन् ।*

***यस्तो अवस्थामा पनि मूल प्रवाहमा रहेका राष्ट्रिय पार्टी भनिएका संसदवादी पार्टीहरूभित्र राष्ट्रिय स्वाधीनताको पक्षमा आवाज नउठ्नु भनेको त अझ गम्भीर स्थिति हैन र ?***

मूल प्रवाहका राष्ट्रिय पार्टी भनिनेहरूले भ्रमणको विरोध गरेको देखिएन । मधेशी दलहरूले नागरिक अभिनन्दनका लागि उर्दी नै जारी गरे । एमाले र माके सरकारमा छन्, उनीहरू त यो भ्रमणका मुख्य योजनाकार नै भैहाले । नेपाली कांग्रेस प्रतिपक्षमा भएकाले उसले विरोध गर्नुपर्ने तर उ भारतपरस्त शक्ति भएकोले उसको पनि विरोधको स्वर देखिएन । विरोध गर्नेमा मुख्यतः हाम्रो पार्टी मात्र देखिएको छ । हाम्रो पार्टीसम्बद्ध देजमो, अन्य जबस मोर्चाहरूले देशव्यापी रूपमा अहिले विरोध गरिरहेका छन् । केही नागरिक अगुवाहरूको पनि विरोध देखिन्छ तर उनीहरूको विरोध पनि अचम्मको छ । उनीहरूको माग के छ भने मोदीलाई अभिनन्दन गर्दा चाहि ठीकै हुन्छ, तर यसलाई नागरिक अभिनन्दन चाहिँ भन्नु हुँदैन । नागरिक शब्द त्यहाँबाट झिकिदिए पनि ठीक हुन्छ भन्ने तर्क गर्छन् । यो पनि कहिं विरोध हो र ?

स्वाभिमानी नेपाली जनतालाई मोदीको यो भ्रमण मन परेको छैन । सोसल मिडियाहरूमा मादी भ्रमणको आलोचना भइरहेको छ । तर जनता अहिले सडकमा उत्रने अथवा त्यो विरोधलाई आन्दोलनको रूप दिने अवस्थामा पुगेका छैनन् । देशभक्त र क्रान्तिकारी शक्तिको

> *यो एउटा थप ठूलो राष्ट्रघात हो र नेपाललाई सिक्किमीकरण गर्न ढोका खोल्ने बाटो हो यो । किनभने दूतावासले खुलेआम पैसा वितरण गर्न थालेपछि सरकारलाई नै थाहा हुँदैन । सरकारी निकायहरूलाई अब थाहा दिनै परेन । कहाँ लगानी गर्छ भारतले, कति पैसा बाँड्छ भन्ने सरकारलाई नै थाहा नहुने भएपछि यो सिक्किमीकरण गर्नको निम्ति ढोका खोल्ने काम गरिएको छ । यो पनि ओलीकै पालामा आएर भयो । एउटा स्वतन्त्र हैसियत भएको देशले सार्वभौमसत्ता सम्पन्न देशको अधिकार कसैले कहिले पनि यसरी अरूलाई दिंदैन । यस्ता धेरै राष्ट्रघाती कामहरू चाहिँ ओली भएकै बेलामा हुने खतरा छ*

कमजोर स्थितिको फाइदा उठाउँदै राष्ट्रघात हुने गरेको छ ।

***भनेपछि ओली र ओली नेतृत्वको राष्ट्रवादको नारा अवसरवादी र खात्रो रहेछ ?***

ओलीको जुन राष्ट्रवाद थियो, त्यो अवसरवादी र खात्रो रहेछ भन्ने उनैले पुष्टि गरे । मोदीको भ्रमणसम्म आइपुग्दा ओलीको राष्ट्रवाद सकिएको छ । ओली अब एउटा राष्ट्रवादी नेताको रूपमा छैनन् । जनसर्वसाधारणले पनि ओली राष्ट्रघाती हुन् भनेर चित्रण गरिराखेका छन्, बुझी राखेका छन् । आम जनताले ओली धोकेवाज रहेछन् भन्न थालेका छन् । चुनाव जित्न मात्र राष्ट्रवादको प्रचार गरिएको रहेछ भन्न थालेका छन् । कतिपयले त नाकाबन्दीको बेलामा ओलीले लिएको राष्ट्रवादको अडान पनि मोदीकै सल्लाहमा लिएका रहेछन् भनेर लेख्न बोल्न थालेका छन् । अरुण तेस्रोको संयुक्त रूपमा शिलान्यास गर्नु, विदेशी पाहुना आउँदा खेरी आफ्नो देशको सेना लिएर आउने चलन बसाउनु, विगतमै नभएको परम्परा जस्तै उनी जनकपुरमै ओलीलाई लिन पुग्नु आदि गतिविधिले राष्ट्रकै अपमान हुन पुगेको छ । यसरी ओलीको राष्ट्रवाद नाङ्गेझार हुन पुगेको छ । वास्तवमा ओली राष्ट्रवादी होइनन् भन्ने कुरा पुष्टि भएको छ ।

***राष्ट्रघाती सन्धिसम्झौता कार्यान्वयन अर्थात् अरुण तेस्रो, कोशी उच्च बाँध मात्र होइन, भारतीय दूतावासले सिधै पाँच करोडसम्मका योजनामा लगानी गर्न दिने सम्झौता पनि ओलीले गरेका छन् नि ?***

यो एउटा थप ठूलो राष्ट्रघात हो र नेपाललाई सिक्किमीकरण गर्न ढोका खोल्ने बाटो हो यो । किनभने दूतावासले खुलेआम पैसा वितरण गर्न थालेपछि सरकारलाई नै थाहा हुँदैन । सरकारी निकायहरूलाई अब थाहा दिनै परेन । कहाँ लगानी गर्छ भारतले, कति पैसा बाँड्छ भन्ने सरकारलाई नै थाहा नहुने भएपछि यो सिक्किमीकरण गर्नको निम्ति ढोका खोल्ने काम गरिएको छ । यो पनि ओलीकै पालामा आएर भयो । एउटा स्वतन्त्र हैसियत भएको देशले सार्वभौमसत्ता सम्पन्न देशको अधिकार कसैले कहिले पनि यसरी अरुलाई दिंदैन । यस्ता धेरै राष्ट्रघाती कामहरू चाहिँ ओली भएकै बेलामा हुने खतरा छ र ओलीले यसरी देशलाई सिक्किमीकरण गर्न सहयोग पुऱ्याउँदै गएका छन् ।

***राष्ट्रियतामाथि यति ठूलो खतराको बादल मडारिरहेको बेला चार वाम किन एक ठाउँमा उभिएर कार्यक्रम दिन सकेनन् ?***

कार्यगत एकता जारी रहेको समयमा खास गरेर मसालको तर्फबाट त्यसलाई स्थगित गरियो । अरु तीन पक्षको त स्थगित भएको छैन तर यही मुद्दामा अरु साथीहरूले खासै दिलचस्पी देखाउनु भएको छैन । संयुक्त रूपमा कार्यक्रमहरू गरेर जाउँ भन्ने खालको कुराहरू भयो । तर त्यो सम्भव नभएपछि एकतर्फी रूपमा हाम्रो पार्टी, देजमो र जबस मोर्चाहरूले विरोधका कार्यक्रमहरू सार्वजनिक गरेको छ । अरु पक्षले त्यति रुचि नदेखाएपछि हामी चुप लागेर बस्ने कुरा भएन ।

***मधेश अर्थात् २ नं. प्रदेशका जनताको लागि पनि त मोदीको यो भ्रमण हितप्रतिकूल छ नि होइन ?***

हो, यो भ्रमण मधेशी जनताकोहीत प्रतिकूल छ । मधेशको सबभन्दा ठूलो समस्या के हो भने जनतामा राजनीतिक चेतनाको कमी छ । जनतालाई जुन शक्तिले उत्पीडन गरिराखेको छ, त्यसैको पुजा गर्ने त्यहाँका राजनीतिक पार्टीहरू छन् । उनीहरू त्यसैमा विभाजित छन् । उनीहरू क्षणिक सुविधाको पछाडि दौडिराखेको छन् । मधेशको जनताको राजनीतिक चेतनाको जुन कमी हो, त्यसलाई त्यहाँका शासक वर्गहरूले, भारतीय दलालहरूले नराम्रोसँग दुरूपयोग गरिराखेका छन् । उनीहरूको कमजोरीलाई नै उनीहरूले मुख्य हतियार बनाइराखेका छन् र मधेशको मुख्य समस्या नै यही हो । अन्यथा प्रत्यक्ष रूपमा जनताले भारतीय उत्पीडनको शिकार उनीहरू नै बनीराखेका छन् । नेपालको २६ वटा जिल्लाहरू भारतसँगको सीमानामा जोडिएका छन् । सीमामा भारतले ६० हजार एकड जमिन मिचेको छ । त्यहींका जनता बढी उत्पीडनमा परेका छन् । भारतीय सीमा

> *उनीहरूले मुख्य हतियार बनाइराखेका छन् र मधेशको मुख्य समस्या नै यही हो । अन्यथा प्रत्यक्ष रूपमा जनताले भारतीय उत्पीडनको शिकार उनीहरू नै बनीराखेका छन् । नेपालको २६ वटा जिल्लाहरू भारतसँगको सीमानामा जोडिएका छन् । सीमामा भारतले ६० हजार एकड जमिन मिचेको छ । त्यहींका जनता बढी उत्पीडनमा परेका छन् ।*

सुरक्षा वलको ज्यादतीको मार त्यहींका जनताले व्यहोर्नु परेको छ ।

***यस्तो अवस्थामा तपाईंहरूले छरिएर कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकताबद्ध पार्ने कोशिस गर्नुभयो तर एकताबद्ध हुन किन सकिरहेका छैनन् ?***

आम क्रान्तिकारीहरू एकजुट हुनुपर्छ भन्ने कुरा सही नै हो । सामान्यतया यो सँधै नै सही नै हुन्छ सैद्धान्तिक रूपमा । तर व्यावहारिक रूपमा आग्रह, पूर्वाग्रह आपसमा धेरै नै छन् । माओवादी केन्द्रबाट फुटेर गएका दुई ग्रुपहरू आ-आफ्नै ढंगले हिंडिरहेका छन् । यत्रो राष्ट्रघात भइरहँदा उहाँहरूलाई त्यसको कुनै चिन्ता नै छैन, केही बोलेका छैनन् । किनभने त्यहाँ त्यही खालको स्कूलिङ छ । उनीहरूलाई अरु झनामसिना कुराहरूमा चाहिं चिन्ता छ । राष्ट्रिय मुद्दाहरूलाई प्रमुखता दिएर अगाडि बढ्नु पर्दछ, क्रान्तिको तयारी गर्नु पर्दछ, फेरि क्रान्ति सम्भव छ, नयाँ जनवादी क्रान्तिलाई अगाडि बढाउनु पर्दछ भन्ने खालको त्यो स्प्रिट उहाँहरूमा

> *यत्रो राष्ट्रघात भइरहँदा उहाँहरूलाई त्यसको कुनै चिन्ता नै छैन, केही बोलेका छैनन् । किनभने त्यहाँ त्यही खालको स्कूलिङ छ । उनीहरूलाई अरू झनामसिना कुराहरूमा चाहिं चिन्ता छ । राष्ट्रिय मुद्दाहरूलाई प्रमुखता दिएर अगाडि बढ्नु पर्दछ, क्रान्तिको तयारी गर्नु पर्दछ, फेरि क्रान्ति सम्भव छ, नयाँ जनवादी क्रान्तिलाई अगाडि बढाउनु पर्दछ भन्ने खालको त्यो स्प्रिट उहाँहरूमा कम देखिन्छ ।*

कम देखिन्छ । त्यसकारण हामी हाम्रो विचार अनुसार राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका मुद्दाहरूमा अगाडि बढ्ने हो, आफ्नो स्वतन्त्र पहलकदमीमा अगाडि बढ्दै जाने हो । एकता नभइकन केही गर्न सकिदैन भन्ने मानसिकतामा अब बस्नु हुँदैन । संघर्षको दौरानमा एकता हुँदै जान्छ । क्रान्तिकारीकै शक्ति बलियो भए मात्रै बल्ल उसले अरु क्रान्तिकारीहरूलाई एकताबद्ध गराउन सक्छ ।

***पार्टीको जारी संगठन विस्तार तथा जनपरिचालन अभियान कसरी चलिरहेको छ ? संक्षिप्तमा प्रकाश पारिदिनुस् न ।***

अभियान सकारात्मक दिशामा नै अगाडि बढी राखेको छ । हाम्रो जनसम्बन्ध धेरै ने टुटेको थियो, कमजोर भएको स्थिति नै थियो । हाम्रो पार्टीको बनोट छाता शैलीको भएको थियो, पिरामिड आकारको भएको थिएन । तल्लो ग्राउण्ड तहबाट अलि टाढा भएको थियो लामो समयसम्म । यो अवस्थामा थोरै भएपनि अभियानले परिवर्तन ल्याएको छ । अहिले हामी जनताको तल्लै तहसम्म पुगेका छौं । निर्वाचनको उपयोग गरेर हामी एकपटक गाउँगाउँमा घरघरमा पुग्यौं । त्यसले हामीलाई जनतासम्म पुऱ्याउने काम गऱ्यो । यसको साथसाथै हामीले सचेत रूपमा संगठन विस्तारको अभियान चलायौं । त्यसले पनि पार्टीका संगठनहरू, मोर्चाका संगठनहरू तल्लैतहसम्म विस्तार गर्ने अभियानलाई हामीले अगाडि बढाएका छौं । तर फेरि पनि हामीले सोचेको जस्तो हुन सकेको छैन । तुलनात्मक हिसाबले भन्ने हो भने पहिलेको तुलनामा हामी धेरै जनताको बीचमा पुगेको छौं, हाम्रा संगठनहरू अलि तल्लो तहसम्म विस्तार भएको छ, हाम्रा गतिविधिहरू अलिकति बढेका छन् । र, हाम्रो अलिकति आत्मगत शक्ति बढेको छ ।

***अन्तमा, देशभक्त, जनगणतान्त्रिक र क्रान्तिकारी शक्तिलाई के आव्हान गर्न चाहनुहुन्छ ?***

-वस्तुगत रूपमा क्रान्तिका लागि वस्तुगत परिस्थिति परिपक्क हुँदै गएको छ तर क्रान्तिकारीहरूको आत्मगत स्थिति कमजोर छ । अहिलेको अन्तरविरोध यहि नै हो । हामी क्रान्तिकारीहरूलाई संगठित गर्ने र क्रान्तिको काममा निरन्तर लागिरहेका छौं । त्यही नै अहिलेको आवश्यकता पनि हो । क्रान्तिको अस्थायी पराजयबाट क्रान्तिको हार भएजस्तो देखिएको छ । क्रान्तिले धक्का खाइसकेपछि फैलिएको निराशा जनतामा अझै पनि हटिसकेको छैन । अब निराश भएर बसी रहनु हुँदैन । मोदीको भ्रमणले देखाइसक्यो देशको अस्तित्व खतरामा छ । यो अवस्थामा निराश हुने होइन कि कठीनाईहरूको सामना गर्दै अब हामी अगाडि बढ्नु पर्दछ । देशभक्त र क्रान्तिकारी शक्ति एकजुट भएर संघर्ष गर्न जरुरी छ । यही दिशाबाट सोच्नको निम्ति पार्टीको तर्फबाट म अपील गर्न चाहन्छु ।

# देशैभर क्रान्तिकारी माओवादीद्वारा मोदी भ्रमणको विरोधमा गरिएको प्रदर्शनमाथि प्रहरी हस्तक्षेप र करपकडका दृश्य



काठमाडौं


दैलेख


सुनसरीको इटहरी


रुपन्देहीको बुटवल


काठमाडौंको रत्नपार्क


कैलालीको अत्तरिया


काठमाडौंको रत्नपार्क


नेपालगञ्ज



काठमाडौंको कीर्तिपुर



चितवन

# संसदीय व्यवस्थाको उन्मूलन

संसदीय व्यवस्थाको जुन उल्लेखनीय आलोचना सन् १८७१ मा गरिएको थियो त्यो आज सामाजिक अन्धराष्ट्रवाद र अवसरवादको जगजगीले गर्दा मार्क्सवादका "बिर्सिएका शब्दहरूमा" समाविष्ट गरिएको छ । पेशागत मन्त्रीहर र संसद सदस्यहरूले सर्वहारावर्गप्रति विश्वासघातीहरू र हाम्रो जमानाका "कारोबारी" समाजवादीहरूले संसदीय व्यवस्थाको आलोचनासम्बन्धी सारा कार्य अराजकतावादीहरूको जिम्मामा छोडिदिएका छन् र यसै अद्भुत बुद्धिमत्तापूर्ण तर्कको आडमा संसदीय व्यवस्थाको जुनसुकै आलोचनालाई पनि "अराजकतावाद" भनी घोषणा गर्ने गरेका छन् । यस कुरामा कति पनि आश्चर्य छैन कि संसदीय व्यवस्था भएका देशहरूमा बस्ने सर्वहारावर्ग शीदेमान, डेभिड, लेगीन, साम्बा, रेनोडेल, हेन्डेर्सन, भान्डेरभेल्डे, स्टाउनिङ, ब्रांतिंग, बिस्सोलातीजस्ता "समाजवादीहरू" देखेर क्षुब्ध छ र अराजकतावादी-सङ्घसमाजवादप्रति बढी सहानुभूति देखाउँदैछ, यद्यपि त्यो पनि अवसरवादकै साक्कै भाइ हो ।

परन्तु मार्क्सको निम्ति क्रान्तिकारी द्वन्द्ववाद कहिल्यै पनि यस्तो फोस्रो फेसनदार शब्दडम्बर अर्थात् टिनटिने बाजा थिएन, जस्तो कि प्लेखानोभ, काउत्स्की तथा अरुले त्यसलाई बनाइदिएका थिए । मार्क्सले पुँजीजीवी संसदीय व्यवस्थाको "गोठसम्म" उपयोग गर्ने अयोग्यताको कारणले गर्दा अराजकतावादसँग निर्ममतापूर्वक सम्बन्धबिच्छेद गर्ने सामर्थ्य राख्नुभएको थियो, त्यो पनि खास गरी जब परि स्थिति प्रत्यक्षतः क्रान्तिकारी हुँदैन । तर संसदीय व्यवस्थाको सच्चा क्रान्तिकारी सर्वहारा आलोचना कसरी गर्नुपर्छ भन्ने पनि उहाँलाई थाहा थियो ।

मात्र संसदीय संवैधानिक राजतन्त्रहरूमा होइन, अपितु सबभन्दा प्रजातान्त्रिक गणतन्त्रहरूमा समेत सत्तारुढवर्गको कुन चाहीँ सदस्यले सदमा गएर जनताको दमन र उत्पीडन गर्ने हो भन्ने प्रश्नमा केही वर्षमा एक पल्ट निर्णय लिनु नै पुँजीजीवी संसदीय व्यवस्थाको वास्तविक सार हो ।

परन्तु यदि राज्यको प्रश्नलाई लिने हो भने अर्थात् यदि सय क्षेत्रमा सर्वहारावर्गको कार्यभारको दृष्टिकोणले संसदीय व्यवस्थालाई राज्यको एउटा निकायको रूपमा विचार गर्ने हो भने संसदीय व्यवस्थाबाट छुटकारा पाउने बाटो कुन हो ? कसरी त्यस बेगर पनि काम चलाउन सकिन्छ ?

फेरि पनि दोहोऱ्याइ तेहऱ्याइकन भन्नुपर्ने खण्ड पर्न आउँछ- कम्युनको अध्ययनमा आधारित मार्क्सको शिक्षा यति हदसम्म बिर्सिइसकिएको छ कि आधुनिक "सामाजिक प्रजातन्त्रवादी" (पढ्नुहोस्-समाजवादप्रति आधुनिक विश्वासघाती) लाई संसदीय व्यवस्थाको अराजकतावादी अथवा प्रतिक्रियावादी आलोचनाबाहेक अर्को कुनै आलोचना नै बोधगम्य छैन ।

निश्चय नै संसदीय व्यवस्थाबाट छुटकारा पाउन प्रतिनिधित्वपूर्ण निकायहर र निर्वाचन प्रथा नै नामेट पार्नु पर्दैन, बरु प्रतिनिधित्वपूर्ण निकायहरूलाई गफ गर्ने कोठाको सट्टा "कार्यकारी" निकायहरूमा बदलिदिनु पर्दछ । "कम्युन संसदीय निकाय नभएर कार्यकारी निकाय पनि हुनुपर्ने थियो अर्थात् त्यो ऐनकानुन बनाउने मात्र होइन कि त्यसलाई कार्यान्वित पनि गर्ने निकाय हुनु पर्दथ्यो" ।

"संसदीय होइन, बरु कार्यकारी" निकाय- यो कुरा आधुनिक संसद सदस्यहरू तथा सामाजिक प्रजातन्त्रवादका संसदीय "कोठे छाउराहरूको" मर्मस्थलमा नै चोट पुग्ने किसिमबाट भनिएको छ । अमेरिकादेखि स्वीट्जरल्याण्डसम्म, फ्रान्सदेखि इङ्ग्ल्याण्ड, नर्वे र अन्य देशहरूसम्म संसदीय व्यवस्था भएको जनसुकै मुलुकमा पनि नजर लगाउनोस्-वास्तविक "राजकीय" कार्य त पर्दापछाडि हुन्छ र विभिन्न विभागहरू, कार्यालयहरू र अड्डाखानाहरूले त्यो कार्य पूरा गर्दछन् । संसदहरूमा चाहिँ "सर्वसाधारण जनताको" आँखामा छारो हाल्ने विशेष उद्देश्य राखेर खाली गफ मात्रै हाँकिन्छ । यो कुरा यति हदसम्म सही छ कि पुँजीजीवी प्रजातन्त्रवादी गणतन्त्र- रसियाली गणतन्त्रमा समेत वास्तविक संसदको स्थापना गर्न नपाउँदै संसदीय व्यवस्थाका यी सबै दोषहरू तुरुन्तै प्रकट भइसकेका थिए । स्कोबेलेभ र चेरेतेली, चेर्नोभ र आभ्क्सेन्त्येभजजस्ता कुहिएको कूपमण्डूकताका नायकहरू त सोभियतहरूलाई समेत घृणित पुँजीजीवी संसदीय व्यवस्थाको पाराले बिटुल्याउन समर्थ भएका छन् र सोभियतहरूलाई फोस्रो गफ हाँक्ने ठाउँमा परिणत गरिदिएका छन् । सोभियतहरूमा "समाजवादी" भनाउँदा मन्त्री महानुभावहर नारा फलाकेर र क्रान्तिको कुरा गरेर सीधासाधा किसानहरूलाई ठग्दै छन् । सरकारभित्र चाहिँ निरन्तर चालबाजी चलिरहेको छ- एकातिर बढी संख्यामा एसेरहरू र मेन्सेभिकहरूलाई पालैसान्ती इज्जत र आम्दानी दुबै पाइने ठाउँहरूमा "जागिर" दिइँदै छ भने अर्कोतिर "जनताको ध्यान" पनि बाँडिदै छ । "राज्यको" काम चाहिँ अड्डाखानाहरू र फौजी हेडक्वाटर्सहरूले "चलाइराखेका छन्" ।

सत्तारुढ "समाजवादी" क्रान्तिकारी पार्टीको मुखपत्र देलो नारोदा ४२ ले हालै आफ्नो एउटा सम्पादकीय अग्रलेखमा यस्तो "सभ्य समाजका" मानिसहरूको अभूतपूर्व स्पष्टताको साथ, जसभित्र "सबै" राजनीतिक भ्रष्टाचारमा संलग्न छन्, यो कुरा स्वीकार गरेको थियो कि ती मन्त्रालयहरूमा समेत जसमा "समाजवादीहरू" (यस शब्दको लागि माफ गर्नुहोला ।) हर्ताकर्ता रहेका छन् तिनमा समेत तमाम नोकरशाही यन्त्र वास्तवमा चाहिँ पुरानै छ, पुरानै ढर्रामा काम गर्दैछ र पूर्णतः "स्वतन्त्रतापूर्वक" क्रान्तिकारी क्रियाकलापहरूमाथि प्रहार गर्दैछ । यदि यस्तो स्वीकारोक्ति नहुँदो हो तापनि के सरकारमा एसेरहरू र मेन्सेभिकहरूको सहभागिताको तथ्यगत इतिहासले यस कराको पुष्टि गर्दैन र ? यहाँ एक मात्र कुन कुरा लाक्षणिक छ भने कादेतमन्त्रीहरूको संगतमा श्रीमान चर्नोभ, रुसानोभ, जेन्जिनोभ र देलोनारोदाकाअन्य सम्पादकहरूले कतिसम्म लाज पचाइसकेका छन् भने सामान्य कुरा जस्तै गरी कति पनि लाज नै जमानीकन र लाजले अलिकति पनि मुख रातो नपारीकन खुल्ला रूपमा भनने गरेका छन् कि "उनीहरूको" मन्त्रालयहरूमा सबै कुरा पुरानै ढर्राअनुसार नै चलिरहेको छ; गाउँले सीधासाधा रामे चामेहरूलाई छक्याउनको निम्ति चाहिँ क्रान्तिकारी प्रजातान्त्रिक नाराहरू तर पुँजीपतिहरूको "आशिर्वाद" पाउनको निम्ति भने नोकरशाही अड्डाखानाको ढीलासुस्ती -यस्तो छ "चोखो" गठबन्धनको सारतत्व,

पुँजीवादी समाजको पैसामा बिक्ने र मक्किइसकेको संसदीय व्यवस्थाको ठाउँमा कम्युनले यस्ता निकायहरू खडा गर्दछ जहाँ तर्कवितर्क र बहसको स्वतन्त्रता धोखामा परिणत हुँदैन, किनभने संसद सदस्यहरूले स्वयम् काम गर्नु पर्दछ, स्वयम् आफैँले आफ्ना ऐनकानुनहरू कार्यान्वयन गर्नु पर्दछ, जीवनमा तिनको कार्यान्वयन कसरी हुँदैछ भन्ने पनि आफैँले नै जाँच्नु पर्दछ र आफ्ना मतदाताहरूसमक्ष पनि आफैँ जवाफदेही हुनुपर्दछ । प्रतिनिधित्वपूर्ण निकायहरू कायमै रहन्छन्, किन्तु विशेष प्रणालीको रूपमा, विधायिका र कार्यपालिकाबीच श्रम विभाजनको रूपमा, प्रतिनिधिहरूको निम्ति सहुलियतपूर्ण स्थितिको रूपमा संसदीय व्यवस्था यहाँ हुँदैन । प्रतिनिधित्वपूर्ण निकायको अभावमा हामी प्रजातन्त्रको, अझ सर्वहारा प्रजातन्त्रको समेत कल्पना गर्न सक्दैनौं । परन्तु यदि हाम्रो निम्ति पुँजीवादी समाजको आलोचना फोस्रो शब्दजाल मात्र होइन भने, यदि पुँजीजीवी समाजको आधिपत्यलाई आफाल्ने नै हाम्रो वास्तविक र दृढ इच्छा हो र मेन्सेभिकहरू र मजदुरहरूबाट भोट लिने "चुनाउने" नारा मात्र होइन भने संसदीय व्यवस्थाबेगर चाहिँ प्रजातन्त्रको कल्पना गर्न सकिन्छ र गर्नु पर्दछ ।

पुँजीवादी समाजको पैसामा बिक्ने र मक्किइसकेको संसदीय व्यवस्थाको ठाउँमा कम्युनले यस्ता निकायहरू खडा गर्दछ जहाँ तर्कवितर्क र बहसको स्वतन्त्रता धोखामा परिणत हुँदैन, किनभने संसद सदस्यहरूले स्वयम् काम गर्नु पर्दछ, स्वयम् आफैँले आफ्ना ऐनकानुनहरू कार्यान्वयन गर्नु पर्दछ, जीवनमा तिनको कार्यान्वयन कसरी हुँदैछ भन्ने पनि आफैँले नै जाँच्नु पर्दछ र आफ्ना मतदाताहरूसमक्ष पनि आफैँ जवाफदेही हुनुपर्दछ । प्रतिनिधित्वपूर्ण निकायहरू कायमै रहन्छन्, किन्तु विशेष प्रणालीको रूपमा, विधायिका र कार्यपालिकाबीच श्रम विभाजनको रूपमा, प्रतिनिधिहरूको निम्ति सहुलियतपूर्ण स्थितिको रूपमा संसदीय व्यवस्था यहाँ हुँदैन । प्रतिनिधित्वपूर्ण निकायको अभावमा हामी प्रजातन्त्रको, अझ सर्वहारा प्रजातन्त्रको समेत कल्पना गर्न सक्दैनौं । परन्तु यदि हाम्रो निम्ति पुँजीवादी समाजको आलोचना फोस्रो शब्दजाल मात्र होइन भने, यदि पुँजीजीवी समाजको आधिपत्यलाई आफाल्ने नै हाम्रो वास्तविक र दृढ इच्छा हो र मेन्सेभिकहरू र मजदुरहरूबाट भोट लिने "चुनाउने" नारा मात्र होइन भने संसदीय व्यवस्थाबेगर चाहिँ प्रजातन्त्रको कल्पना गर्न सकिन्छ र गर्नु पर्दछ ।

कुन कुरा ज्यादै नै शिक्षाप्रद छ भने मार्क्स जब ती पदाधिकारीहरको कामको बारेमा कुरा गर्नु हुन्छ जो के कम्युन, के सर्वहारा प्रजातन्त्र दुवैको लागि जरुरी हुन्छन्, तब उहाँ तिनको तुलना "जुनसुकै अन्य रोजगारदाताका" कर्मचारीहरूसँग अर्थात् "मजदुरहरू ज्यामीनाइकेहरू र कारिन्दाहरू" सहित सामान्य पुँजीवादी उद्योगसँग गर्नु हुन्छ ।

मार्क्समा कल्पनावादको गन्धसम्म पनि छैन । यस मानेमा कि उहाँले कुनै "नयाँ" समाजको मनगढन्त विचार या कपोलकल्पना गर्नुभएको छैन । होइन, उहाँले त पुरानो समाजबाट नयाँ समाजको जन्मको र पहिलोबाट दोस्रोमा सङ्क्रमणका रूपहरूको अध्ययन प्राकृतिक ऐतिहासिक प्रक्रियाको रूपमा गुर्नभयो । उहाँले आम सर्वहारा आन्खोलनको वास्तविक अनुभव ग्रहण गर्नुभयो र त्यसबाट व्यावहारिक शिक्षा निकाल्ने कोसिस गर्नुभयो । उहाँले कम्युनबाट "सिक्नुभयो," त्यसै गरी जसरी सबै महान् क्रान्तिकारी विचारकहरूले उत्पीडितवर्गका महान् आन्दोलनहरूको अनुभवबाट निसङ्कोच सिक्ने गरेका थिएरकहिल्यै पनि उनीहरूलाई पाण्डित्यपूर्ण "उपदेश" दिएनन् जस्तो कि प्लेखानोभ उपदेश थियो, -"हतियार नउठाउनुपर्ने थियो," अथवा चेरेतेलीको उपदेश थियो, -"प्रत्येक वर्गले आफ्नै सीमाभित्र रहनु पर्दछ") ।

कर्मचारीतन्त्रलाई जताततै नै पूर्ण रूपले अहिले तत्कालै निर्मूल पार्ने त कुरै उठ्न सक्दैन । यो कपोलकल्पना हुनेछ । परन्तु तत्कालै पुरानो नोकरशाही यन्त्र चकनाचूर पार्नु र जुनसुकै प्रकारको नोकरशाहीलाई बिस्तारै-बिस्तारै निर्मूल पार्ने सम्भावना दिने नयाँ यन्त्रको सिर्जना गर्नु चाहिँ कपोलकल्पना होइन । यो त कम्युनको अनुभव हो । यो क्रान्तिकारी सर्वहारावर्गको प्रत्यक्ष र तात्कालिक कार्य हो ।

पुँजीवादले "राज्यको" प्रशासनसम्बन्धी कार्यलाई सरल बनाइदिन्छ । त्यसले "हैकमका" सबै तौरतरिकाहरलाई हटाउने सम्भावना दिन्छ र सारा कामलाई (सत्तारुढवर्गको रूपमा) सर्वहारावर्गको यस्तो सङ्गठन कार्यसम्म मात्रै सीमित गरिदिन्छ जसले सम्पूर्ण समाजको तर्फबाट "मजदुर ज्यामीनाइकेहरू र कारिन्दाहरूलाई" ज्याला दिएर काममा लगाउँछ ।

हामी कल्पनावादी होइनौं । हामी सम्पूर्ण प्रशासनलाई, सम्पूर्ण अनुशासनलाई तत्कालै नामेट पार्ने सपना देख्दैनौं । सर्वहारावर्गको अधिनायकत्वबारे समझको कमीमा आधारित यस्तो अराजकतावादी क्रान्तिलाई त्यति बेलासम्मको लागि पर सारिदिन्छ जबसम्म मानिसहरूको स्वभाव बदलिँदैन । हैन, हामी त्यस्तै मानिसहरूको साथमा नै समाजवादी क्रान्ति गर्न चाहन्छौं जस्तो उनीहरू अहिले छन् अर्थात् जो अनुशासन बेगर, नियन्त्रण बेगर, "नाइकेहरू र कारिन्दाहरू" बेगर काम चलाउन सक्दैनन् ।

परन्तु तमाम शोषितहरू र श्रमिकहरूको सशस्त्र अग्रदल अर्थात् सर्वहारावर्गप्रति कर्तव्यपरायण हुनु पर्दछ । राजकीय पदाधिकारीहरूको खास "हैकमलाई" तुरुन्त नै, आजको आजै "ज्यामीनाइकेहरू र कारिन्दाहरूको" सामान्य क्रियाकलापद्वारा बदल्न सकिन्छ र बदल्नु पनि पर्दछ । यस्तो क्रियाकलाप अब प्रत्ययेक सहरवासीले सहजै पूरा गर्न सक्दछ र "मजदुरको ज्याला" सरह तलब दिएर राम्रैसँग सम्पन्न गराउन सकिन्छ ।

पुँजीवादद्वारा जे जति निर्मित गरिएको छ त्यसको आधारमा र मजदुरको नाताले आफ्नो अनुभवको आडमा सशस्त्र मजदुरहरूको राज्यसत्ताद्वारा समर्थित कडा लौह अनुशासन कायम गर्दै हामी मजदुरहरू स्वयम् नै बृहत् उत्पादनको संगठन गर्नेछौं र राज्यका पदाधिकारीहरूो भूमिका घटाएर उनीहरूलाई हाम्रो आाज्ञा पालन गर्ने उत्तरखायी, परिवर्तनीय र सामान्य बेतनभोगी "ज्यामीनाइकेहरू कारिन्दाहरू" सरह बनाइदिनेछौं । यही नै हाम्रो सर्वहारा कार्यभार हो । यसैद्वारा नै हामी सर्वहारा क्रान्ति सम्पन्न गर्ने कार्य सुरु गर्न सक्दछौं र गर्नु पनि परेको छ । वृहत् उत्पादनको आधारमा यस्तो सुरुआतले स्व्यम् नै सम्पूर्ण कर्मचारीतन्त्रको क्रमिक "विलोपतर्फ" डोऱ्याउनेछ र विस्तार-बिस्तार यस्तो व्यवस्थाको सिर्जना गर्नेछ जनु व्यवस्था काष्ठकरहित हुनेछ अर्थात् ज्यालादारी दासत्वबाट भिन्न हुनेछ । यस्तो व्यवस्थाभित्र निगरानी राख्ने र हिसाब किताब राख्ने कामहरू सरलभन्दा सरल हुँदै जाने छन् र सबैले पालैसान्ति तिनलाई सम्पन्न गर्नेछन्, अनि ती कामहरूमा बानी पार्दै जानेछ र अन्त्यमा नजताको विशेष भागको विशेष कार्यको रूपमा तिनको अस्तित्व रहनेछैन ।

गतः शताब्दीको आठौं दशकका एक जना कुशाग्र बुद्धि भएका जर्मन सामाजिक प्रजातन्त्रवादीले हुलाकलाई समाजवादी अर्थव्यवस्थाको आदर्श भन्ने नाम दिएका थिए । यो एकदमै सही हो । आज हुलाक व्यवस्था राजकीय पुँजीवादी एकाधिकारको नमूना अनुसार सङ्गठित कारोबार बनेको छ । साम्राज्यवादले तमाम ट्रस्टहरूलाई बिस्तारबिस्तार यस्तै विसिमका सङ्गठनहरूमा परिणत गर्दै गइरहेको छ । तिनमा कामको बोझले थिचिएका र भोका "आम" श्रमिकहरूमाथि त्यही पुँजीजीवी नोकरशाही खडा छ । परन्तु तिनमा सामाजिक अर्थव्यवस्थाको यन्त्र तम्तयार राखिएको छ । पुँजीपतिहरूको सत्ता पल्टाइयो, यी शोषकहरूको विद्रोहलाई सशस्त्र मजदुरहरूको जब्बर हातले दबाइयो, आधुनिक राज्यको नोकरशाही यन्त्र चकनाचूर पारियो त्यसपछि हामी उच्चतर प्राविधिक साजसज्जाद्वारा युक्त यन्त्र पाउनेछौँ । जुन "परजीवीबाट" मुक्त हुनेछ र जसलाई संगठित मजदुरले स्वयम् प्रयोग गर्न सक्नेछन् । प्राविधिक विशेषज्ञहरू, ज्यामीनाइकेहरू र कारिन्दाहरूलाई ज्याला दिएर काममा लगाइनेछ रती सबैलाई सामान्य तथा "राज्यका" सबै पदाधिकारीहरूलाई जस्तै मजदुरको ज्याला बराबर तलब दिइनेछ । यो एउटा ठोस र व्यावहारिक कार्यभार हो जसलाई तमाम ट्रस्टहरूको सम्बन्धमा तुरुन्तै पूरा गर्न सकिन्छ । यो यस्तो कार्यभार होसले श्रमिकहरूलाई शोषणबाट छुटकारा दिलाउनेछ र त्यस अनुभवलाई ध्यानमा राख्नेछ जसलाई कम्युनले (खास गरी राज्यको निर्माणको क्षेत्रमा) पहिले नै कार्यन्वित गर्न थालिसकेको थियो ।

राष्ट्रको सम्पूर्ण अर्थव्यवस्थालाई हुलाक व्यवस्थाको नमूनाअनुसार सङ्गठित गर्नु ने हाम्रो तात्कालिन उद्देश्य हो । यस्तो व्यवस्थामा प्राविधिक विशेषज्ञहरू, ज्यामीनाइकेहरू र करिन्दाहरूले सबै पदाधिकारीहरूले झैं "मजदुरको ज्याला" भन्दा बढ्ता तलब पाउने छैनन् र उनीहरू सशस्त्र सर्वहारावर्गको नियन्त्रण एवम् नेतृत्वमा रहनेछन् । हामीलाई यस्तै आर्थिक आधारमा सङ्गठित यस्तै राज्यको खाँचो छ । संसदीय व्यवस्थाको उन्मूलन र प्रतिनिधित्वपूर्ण निकायहरूको संरक्षणबाट यही कुरा प्राप्त हुनेछ । यसैले नै श्रमिकवर्गहरूलाई पुँजीजीवीवर्गद्वारा यी निकायहरू भ्रष्ट गरिनुबाट पनि मुक्त गर्नेछ । *(समय र मार्क्सवाद पुस्तकबाट)*

---

## यसकारण...

नेपाल सरकारले आफै बनाउनुपर्नेमा भारतलाई बेच्ने काम भयो । नेपालका प्रधानमन्त्री केपी ओलीले नेपालको कोशी, गण्डकीझैं एउटा कालो इतिहास बनाए । यसलाई नेपालको भावी पिंढीले धिकार्ने नै छन् । नेकपा (क्रान्तिकारी माओवादी)ले यस्तो प्रकारको जुन राष्ट्रघाती सन्धि गरियो, त्यसको विरोध सशक्त रूपमा गऱ्यो । नेकपा (क्रान्तिकारी माओवादी) पार्टीले मात्र होइन अन्य राजनीतिक पार्टीहरू र जनसमुदायहरूले पनि यसको विरोध गरेका छन् ।

भारतीय प्रधानमन्त्री नेपाल आउँदा सुरक्षाको लागि भन्दै हातहतियारसहित भारतीय सेना लिएर आए । यसले नेपाली सेना र प्रहरी सुरक्षा दिन सक्षम छैनन् भनेर नेपाली सेना र प्रहरी क्षमता र प्रतिष्ठाप्रति प्रश्न उठायो सबभन्दा मुख्य कुरा त यो नेपालको सार्वभौमिकता माथिको ठाडो हस्तक्षेप हो । के नेपालमा प्रधानमन्त्री भारत भ्रमण जाँदा आफ्नो सुरक्षाको लागि भनेर नेपाली सेनाको टिम लिएर जान सक्छन् ? कदापि सक्दैनन् । नेपालको सार्वभौमिकतामाथिको यस प्रकारको भारतीय हस्तक्षेपको स्वाभिमानी नेपालीले सहन सक्दैनन् ।

नेपालको भारतसँगको अर्को ठूलो समस्या भनेको सीमा समस्या र डुबानको समस्या हो । आज भारतीय पक्षबाट नेपालको सीमा दिनदिनै मिच्दै आएको कुरा सर्वविदितै छ । त्यस्तै वर्षायाममा नेपालको दक्षिण सिमाना नजिकका भूमि भारतले एकतर्फी रूपमा बनाएको बाँधका कारणले डुबानमा पर्दछन् । यो समस्याको बारेमा मोदी एक शब्द पनि बोलेनन् । नेपालको तर्फबाट पनि सरकारले यस विषयमा कुनै कुरा राखेको पाइएन । छापामा सीमा समस्या समाधान गर्न प्रचण्डले आग्रह गरे भनिएको छ । दुई देशको सरकारको बीचमा सीमा अतिक्रमण र डुबानको बारेमा ठोस कुरा नभएपछि प्रचण्डको आग्रहको कुनै अर्थ छैन । यसभन्दा अघिल्लो भ्रमणमा मोदीले नेपालको विकास र समृद्धिको लागि निकै ठूला ठूला आश्वासन दिएर गए पनि आफ्नो अनुकूलको संविधान बन्यो भनेर नेपाललाई नाकाबन्दी नै लगाए । यसले मोदीको मुखमा एउटा र पेटमा अर्को कुरा छ भन्ने कुरा प्रष्ट छ । अहिले प्राकृतिक स्रोतसाधन र सम्पदा आफ्नो हातमा पार्ने र नेपाललाई भारतको अधिनमा राख्ने अर्को शब्दमा सिक्किम बनाउने बाहेक अर्को उद्देश्य छैन ।

नेपालको प्राकृतिक स्रोतसाधन र सम्पदामाथि भारतले जुन एकाधिकार जमाउँदै आएको छ, त्यो भारतीय विस्तारवादी शासकहरूको भन्दा पनि सत्तामा जान र सत्तामा टिकिरहनका लागि देशै बेच्न पछि नपर्ने दलाल तत्वहरू, राष्ट्रिय स्वाधीनताको लडाइँमा हामीले सबभन्दा पहिले नेपालका यिनै भारतीय विस्तारवादी दलालहरूको विरुद्ध संघर्ष गर्नु आवश्यक छ । प्रधानमन्त्री केपी ओली भारतीय विस्तारवादको अगाडि लम्पसार परेको कुरा अरुण तेस्रोजस्ता जलविद्युत परियोजना भारतलाई सुम्पनु र यसअघि गरिएको असमान र राष्ट्रघाती सन्धिसम्झौताहरूको कार्यान्वयन गर्ने प्रतिबद्धता प्रस्तुत गर्नुले प्रष्ट पारिसक्यो । यसरी प्रधानमन्त्री केपी ओलीको राष्ट्रवादको मुकुण्डो उघारियो ।

तर समस्या केपी ओलीमा मात्र होइन, अहिलेको मुख्य समस्या नेकपा (एमाले), नेकपा माओवादी केन्द्र र नेपाली कांग्रेसको नै हो । ०४६ सालदेखि ने.कां. र एमाले ०६२ देखि नेकपा (माके) पनि राष्ट्रघाती सन्धिसम्झौता गर्ने दलहरू हुन् । ०४६ सालपछिका सबै असमान सन्धि सम्झौता यिनै पार्टीहरूको पहलमा भएको छ । यी तीन वटा पार्टीहरूले भारतीय विस्तारवादको दलाली गर्ने कुरामा प्रतिस्पर्धा गर्दछन् । निश्चय नै मधेसवादी दलहरूको र अन्य कतिपय दलहरू पनि भारतीय विस्तारवादी शासकहरूको दलाली गर्दछन् । तर ती पार्टीहरू केन्द्रीय राज्यसत्ताको केन्द्र भागमा छैनन् । त्यसकारण पनि मुख्य दोष नेका, एमाले र नेकपा (माके) मा नै जान्छ ।

अन्तमा, हामीले नेपालको राष्ट्रियता, क्षेत्रीय अखण्डता र सार्वभौमिकताको रक्षाको लागि संघर्ष गर्दा भारतीय विस्तारवादी शासकहरूको मात्र होइन तिनको नेपालको दलालहरूको विरुको संघर्षलाई तीव्र पार्नु पर्दछ र भारतीय आम शोषित पीडित जनतासँग घनिष्ठ सम्बन्ध बढाउनु पर्दछ । मोदी भारतीय विस्तारवादी शासकवर्गको एउटा पात्र हुन भने के पी ओली भारतीय विस्तारवादी तथा साम्राज्यवादी शासकहरूको चाकडी र दलाली गर्ने अर्को पात्र मात्र छन् । भोलि मोदीको ठाउँमा अर्को विस्तारवादी पात्र मात्र हुन् । भोलि मोदीको ठाउँमा अर्को विस्तारवादी पात्र आउन सक्छ, त्यस्तै नेपालमा पनि उहिलेको ओलीको ठाउँमा अर्को पात्र आउन सक्छ । त्यसकारण हामीले एकातिर साम्राज्यवादी विस्तारवादी शासकहरू र नेपालमा तिनका दलालहरूको विरुद्ध सशक्त संघर्ष गर्नुपर्दछ भने अर्कोतिर आम देशभक्त जनतान्त्रिक शक्तिहरूको बीचमा एकता कायम गराउन सक्नुपर्दछ । त्यो अवस्थामा मात्रै नेपालको सार्वभौमिकता र राष्ट्रिय स्वाधीनताको रक्षा हुनसक्छ ।

नेपालमा ठूलो संख्यामा देशभक्त र जनतान्त्रिक शक्तिहरू छन् । तिनीहरूले राष्ट्रिय स्वाधीनताको लागि निरन्तर कुनै न कुनै रूपमा संघर्ष गरिरहेका छन् । यही जनमतको कारणले एकातिर भारतीय विस्तारवाद शासकवर्गले सोझैं लेण्डुपहरू देखा पनि सकिरहेका छन् । तर नयाँ नयाँ काम र रंगमा नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वतन्त्रता र क्षेत्रीय अखण्डतामाथि हस्तक्षेप हुँदै आएको छ । त्यसको डटेर सामना गर्नु बाहेक हामीसँग अर्को विकल्प छैन । दलालहरूको विरुद्ध एकजुट होऔं !

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# प्रगतिशील गीत सङ्गीतबारे एक छलफल

● चैतन्य

आजको कार्यक्रमका बारेमा धेरै नभएर केही कुराहरू राख्न जरुरी छ । सर्वप्रथम इच्छुक सांस्कृतिक प्रतिष्ठानद्वारा आज जुन कार्यक्रम राखियो गीत सङ्गीतको समीक्षाका बारेमा, साथसाथै प्रतिष्ठानबाट प्रकाशित गरिएको 'लक्ष्यको शिखर' सि.डि.को सार्वजनिकिकरणको कार्यक्रम पनि राखियो यो धेरै महत्वको रहेको छ । यसको निम्ति म आयोजक साथीहरूलाई विशेष धन्यावाद दिन चाहन्छु ।

'लक्ष्यको शिखर' भन्ने जुन गीति रचना छ, यसको गीतकार, सङ्गीतकार र स्वर दिने कलाकारहरू, एरेञ्जर (सङ्गीत संयोजक)हरू सबैसबैलाई म धन्यावाद दिन चाहन्छु । यो महत्वपूर्ण कृति हो । र यो नयाँ जनवाद हुँदै समाजवाद र साम्यवादको निर्माणमा उदात्त आदर्श प्राप्तीको खातिर गीत सङ्गीतको निर्माणमा सङ्घर्षको एउटा महान् अभियानको सिडि हो । खास गरी महान् जनयुद्धको प्रकृयामा यस्ता गीत सङ्गीतहरूको रचना गर्ने र जनयुद्धद्वारा उद्घाटित नयाँ यथार्थलाई कलाका माध्यमबाट गीत सङ्गीतमा सांस्कृतिक फाँटका, सङ्गीत क्षेत्रका साथीहरूले मिहिनेत गर्नु भयो, त्याग गर्नुभयो त्यसलाई यहाँ संरक्षण र संयोजन गर्ने काम भएको छ । इच्छुक सांस्कृतिक प्रतिष्ठानसँग जोडिएको आदर्श र वलिदानमा पनि यो सम्बन्धित छ । यसर्थमा गीतका सम्पूर्ण स्रष्टा साथीहरू, यसलाई सङ्गीत र स्वर दिने कलाकारहरू, गीतहरूको रचना गर्ने सबै साथीहरू प्रति म हार्दिक अभिवादन गर्न चाहन्छु ।



गीत सङ्गीतको बारेमा यसको सौन्दर्यका बारेमा म केही कुरा राख्न चाहन्छु । यो गीत सङ्गीतको सौन्दर्य विवेचना गर्ने क्रममा हाम्रो असाध्य खड्किएको विषय छ । नेपालमा प्रगतिवादको यस क्षेत्रको समस्या हो । गीत सङ्गीतको दिशानिर्देश गर्ने कुरामा हाम्रो कमि रहेको छ । यस क्षेत्रको प्रतिध्रुवीय धारामा पनि केही समस्याहरू होलान् । यस क्षेत्रमा मलाई रामशरण दर्नालको नाम याद आउँछ । उहाँको गीत सङ्गीतको सौन्दर्यशास्त्र सम्मवन्धी दुईवटा लेख मैले पढेको छु । ती लेखहरू महत्वपूर्ण छन् । अरू पनि कतिपय साथीहरूले लेखेका छन् ।

गीत सङ्गीतको बारे लेख्नेमा थोरै ऋषिराज बरालजीको पनि छ । समस्या के पऱ्यो भने सङ्गीत भित्रैको कुरा नबुझिकन सङ्गीतको बारेमा निर्देशन दिन बडो आपत पर्छ । गीत सङ्गीतको मर्म बुझेर समीक्षा गर्दा त्यो ठिक हुन्छ । अलिअलि लेख्न सकिन्छ । त्यसलाई राम्रै तरिकाले चिरफार गर्न धेरै गाह्रो पर्छ । निनुजीले पनि अर्नेस्टो फिसरका लेख अनुवाद गर्नु भएको छ । त्यो पनि महत्वपूर्ण रचना हो । त्यसैगरी ईश्वरचन्द्र ज्ञवालीका पनि एकदुई वटा अनुवाद छन् । यो क्षेत्रमा प्रयास भएको छ । तर पुरा छैन ।

यसमा दुईवटा कुरा छन् । एउटा, सङ्गीत साधक र सङ्गीत स्रष्टाहरूले त्यो विषयमा कत्तिको ध्यान दिनुहुन्छ भन्ने कुरा हो । अर्को गीत बनाएर गाएर मात्रै हुँदैन । यसका बारेमा त सङ्गीतको स्पष्ट निर्देशन हुन जरुरी छ । यस विषयमा हाम्रो प्रगतिवादी क्षेत्रले ध्यान दिन सकेको छैन । यो हाम्रो कमजोरी हो ।

गीत सङ्गीतको सौन्दर्यको विवेचना गर्न गीत सङ्गीतको भित्री मर्मको बारेमा ज्ञान हुनु जरुरी छ । नेपालमा यस बारेमा धेरै अध्ययन र लेखन हुन सकेको छैन । यो धेरै गाह्रो कुरा पनि हो । प्रगतिशील गीत सङ्गीतको मात्रा, ताल र भावको कुरा त गरियो, त्यो भनेको के हो भन्ने कुरामा राम्रो अध्ययन र लेखन हुनु जरुरी छ ।

पञ्चायत कालमा गीत लेख्ने र गाउनेमा पाख्रिनको पनि महत्वपूर्ण योगदान छ । यस क्षेत्रमा रामेश, रायन, रामकृष्ण दुवाल, जेवी टुहुरे, श्याम तमोट आदि थुप्रै थुप्रैको नाम आउँछ । पछिल्लो कालमा मणि थापाले पनि लेख्नुभयो । उहाँहरू सबैले असाध्य मिहिनेत गर्नु भयो यस क्षेत्रमा । जनयुद्धको प्रकृयामा थुप्रै थुप्रै साथीहरूले लेख्नुभयो । यो लेखेको कुरा राम्रो छ । यसको समीक्षा गर्ने कुरा निकै गाह्रो छ ।

यस क्षेत्रमा प्रगतिवादी क्षेत्रका समालोचक र समीक्षकहरूले विशेष जोड दिन जरुरी छ । हाम्रो समीक्षाको शैली प्रभाववादी छ । गीत सुन्यो अनि मन परे ठिक र मन नपरे बेठिक भन्ने चलन छ । यो समीक्षाको तरिका होइन । यसो अरूका गीत सुन्यो कतिपय निकै राम्रा छन् । जब प्रगतिशील गीत सुन्न थाल्यो झन् अल्छी लाग्ने हुन थाले । यी त झन् जनतालाई जुरुक जुरुक उठाउने हुनु पर्छ नि । यहाँ मैले सबैको आलोचना गरेको होइन । अहिलेको ट्रेण्ड आधुनिकतावादबाट प्रभावित हुन थाल्यो । स्वर एकदम तानेको छ, बटारेको छ । त्यस्तो किन गर्नु पऱ्यो ? गीत गाएको छ गाएको छ तर सुन्दा आनन्द आउँदैन । त्यस्ता भाकाको के काम भयो ? यो नेगेटिभ पाटो हो । यो कमजोरी लेखक कलाकारको भन्दा पनि हामी समीक्षकहरूको हो । हामीले यसबारेमा उपयुक्त समीक्षा गरेर दिशा निर्देश गर्न सकेनौं ।

अब कुरा आउँछ लोकगीतको । लोकगीत प्रतिको हाम्रो दृष्टिकोण के हो ? यस बारेमा प्रष्टहुन जरुरी छ । लोकगीतलाई असाध्य नकारात्मक दृष्टिकोणले हेर्ने प्रवृत्ति पनि छ । लोकगीतलाई यथावत नक्कल गर्ने प्रवृत्ति पनि छ । यो दुबै प्रवृत्ति गलत हो । लोकगीतलाई हुबहु नक्कल गर्ने प्रवृत्ति पनि गलत हो, लोकगीतलाई घृणा गर्ने दृष्टिकोण पनि गलत हो । लोकगीत भन्दा वित्तिकै राम्रा छन् भन्ने कुरा पनि होइन । हो त्यहाँ छाडा, अश्लिलता पनि छन्, तिनलाई हामीले नकारात्मक रूपमा हेर्नु पर्छ । त्यहाँ राम्रा पनि छन् । लोक धुनहरू छन्, लोक सङ्गीतहरू छन् । कतिपय त जीवनवादी छन् । जनभाकाहरू छन् । हो त्यो क्षेत्रमा हामीले ध्यान दिनु पऱ्यो । यहाँ मौलिकताको कुरा पनि आउँछ । मौलिकताको कुरा गर्दा यहाँ खिसी गर्ने पनि रहेछन् ।

एक पटक मेरो खुसीराम पाख्रिनसँग कुरा पनि भयो । हैन खुसिरामजी तपाइँले यो के लेख्न थाल्नुभयो ? भनेर सोधेँ । राम्रा राम्रा लेख्नुहुन्थ्यो खुसिराम पाख्रिनले । अनि उहाँले यी नयाँ ठिटाहरूले मलाई त हैरान पारे भन्नु भयो । यो बुढोले आधुनिक गीतको रचना गर्न पनि जान्दैन सङ्गीत सिर्जना गर्न पनि जान्दैन भनेर मलाई हैरान पारे त्यही भएर मैले अचेल त आधुनिक गीत लेख्न थालेँ र सङ्गीत पनि त्यस्तै हाल्न थालेँ भनेर भन्नुभयो । त्यस्तो हैरान पार्दा रहेछन् । यो हो प्रभाववाद । त्यसैले गीत सङ्गीतको ट्र्याक के हो यस बारेमा हामीले ध्यान दिनु जरुरी छ ।

गीत सङ्गीतको रचनाका केही नियमहरू छन् । त्यो नियम के हो यस बारेमा हामीले जान्नु जरुरी छ । गीतको लय, ताल, सुर भावको बारेमा पनि हामीले थाहा पाउनु पर्ने हुन्छ । गीतको बोल हुन्छ गाउँछ, त्यो गीत असाध्य बीर रसमा आधारित हुन्छ तर गाउने शैली करुण रसमा आधारित छ । वीर रसको गीत करुण रसमा गाउँदा त्यसको के हालत हुन्छ ? त्यो त रुञ्चे हुन्छ । यस्ता चिजहरू मिलाउने बारेमा हाम्रो मिलेको छैन । जनयुद्धका धेरै गीतहरू त राम्रै छन् । तर धेरै यस बारेमा हामीले राम्रोसँग सोच्न र गाइडलाइन दिन सकेका छैनौं । कलाकारहरूका बारेमा राम्रोसँग पढेर सुनेर समीक्षा गर्न सकिएन त्यो हाम्रो कमजारी हो । कलाकारहरूमा आधुनिकताबाट प्रभावित हुने प्रवृत्ति छ, त्यो कमजोरी हो । हो, यो हटाउनको निम्ति के गर्ने हो ? यस बारेमा हामी सबैले राम्रोसँग अध्ययन गरौं बुझौं ।

सौन्दर्यशास्त्रको बारेमा पनि यहाँ कुरा उठेको छ, त्यसबारेमा पनि म चर्चा गर्छु । गीत सङ्गीतका बारेमा एउटा नियम छ, त्यो हो सङ्गतीको नियम । ल अफ हार्मोनी भन्ने । त्यो सौन्दर्यशास्त्रको नियम हो । त्यो असाध्य महत्वपूर्ण छ । यसले सामञ्जस्य खोज्छ । विभिन्न विरोधीहरूका बीचमा एकत्व खोज्छ यसले । अथवा द्वन्द्ववादको विपरितहरूको एकत्वको नियम खोज्छ भनौं । विभिन्न स्वरहरू, तालहरू र लयहरूका बीचमा विपरितहरूको एकत्वको माग गर्छ । आरोह अवरोहको एकत्वको माग गर्छ । यो सबै कुरामा अन्तर्वस्तु र रूपको पनि सङ्गती हुनु पर्छ भन्ने एउटा महत्वपूर्ण नियम हो । तर द्वन्द्ववादको नियमको मात्रै कुरा गरेर काम भएन । यसमा साहित्वको बारेमा भन्न सकिन्छ । अब सङ्गीतमा द्वन्द्ववाद कहाँनेर छ भन्न गाह्रो छ । यसबारेमा मेरो खुल्दुली हो । यसमा मेरो आलोचना पनि होइन । यो दिशातिर हामी लाग्नु पर्छ । इच्छुक सांस्कृतिक प्रतिष्ठान र सम्वद्ध सबै साथीहरू यसतर्फ लागौं । प्रगतिवादी फाँटमा गीत सङ्गीतका बारेमा समीक्षा गर्ने गतिला खालका समीक्षकहरू पैदा हुन सकेनन् । यो हाम्रो समस्या हो । त्यसकारण यस दिशातिर हामी जाऔं । जजस्का जे जति गीतहरू छन् ती कुराहरूलाई हामीले गम्भीरता पुर्वक लिऊँ र अब कसरी जाने हो भन्ने बारेमा सोचौं । त्यसकारण आज यहाँ सौन्दर्यशास्त्रको कुरा गर्न गाह्रो छ । यसबारेमा दुवाल र मधुसुदनजीले पनि कुरा त राख्नुभयो अब यसबारेमा गतिलो कार्यपत्र तयार गर्नु जरुरी छ । लेखहरू चाहियो । हामीले जे जति जानेका छौं राम्रो तरिकाले लेखौं पनि । यो क्षेत्रमा अध्ययनरत साथीहरूलाई प्रोत्साहित पनि गरौं । हाम्रो राम्रो छ तर अझै मिहिनेत गरौं । सबैले सबैलाई सघाऊँ । यो मामिलामा इच्छुक सांस्कृतिक प्रतिष्ठानले महत्वपूर्ण भूमिका खेलोस् भन्ने मेरो अपेक्षा हो ।

अब गीत सङ्गीतको दिशा कतापट्टी जाने हो भन्ने कुरा छ । साहित्यकारको काम पनि कलाकारको काम पनि क्रान्ति हुँदासम्म क्रान्तिको तयारी गर्ने क्रान्तिलाई स्थापित गर्ने हो । यो त हाम्रो दायित्व हो । उहिल्यैबाट हामी मात्रै नभएर अलिअलि प्रगतिशीलहरूले पनि गरेको त्यही हो । सातसालको बेलामा पनि यसले भूमिका खेलेको हो । यता पञ्चायत ढाल्ने बेलामा पनि त्यही हो र जनयुद्धको बेलामा पनि त्यही हो । गीत सङ्गीत र साहित्यले महत्वपूर्ण भूमिका खेलेको कुरा साँचो हो ।

यतिखेर जनयुद्ध पछि आउँदा लोकतान्त्रिक गणतन्त्र आएको छ । अब के गर्ने भन्ने कुरा आयो ? कस्का विरुद्ध गीत लेख्ने ? साथीहरू सरकारमा पुगिहाले । हिजो आन्दोलनकै कुरा गर्ने हो भने जनयुद्धको विरोध गर्ने सरकारमै छन् । झन् प्रधानमन्त्री नै छन् । जनयुद्धको नेतृत्व गर्ने पनि त्यही सरकारमा छन् । भनेपछि अब के गर्ने ? एउटा सानो कुरा गरौं, धेरै भन्नु पर्दैन । सरकारमा पुगिसकेपछि साथीहरूले के भन्न थाल्नु भयो भने अब हडताल सडताल केही गर्नु पर्दैन । आफू सत्तामा जानको लागि हडताल चाहियो, आफू सत्तामा गैसकेपछि हडताल चाहिएन । प्रचण्डजीले क्रान्तिको बारेमा थुप्रो कुरा गर्नुभा'छ । उहाँको एउटा भाषण सुनेँ । उहाँले अब क्रान्ति होइन है सुशासन र स्थीरता चाहियो भन्दै भाषण गर्दै हिँड्नुहुन्छ । अब कस्का विरुद्ध लड्ने भन्ने कुरा भयो ।

हामीले भारतीय विस्तारवादका विरुद्ध लड्दै आइराखेका हौं । भारतीय प्रधानमन्त्री मोदी आए । हामीले विरोध प्रदर्शन गर्ने तयारी गर्दै थियौं, हाम्रा साथीहरूलाई देशैभरी धमाधम पकडी राख्या छ सरकारले । किन पकड्नुभयो उहाँहरूले ? विरोध गर्ने अधिकार छ कि छैन ? जनवाद आयो भनेर बडो लोकतान्त्रिक भनेर भन्नुहुन्छ । यही हो लोकतान्त्रिक गणतन्त्र ? विरोध गर्ने अधिकार त जहाँसुकै पनि दिइएको हुन्छ । अनि आफूलाई कम्युनिस्ट भन्नुहुन्छ । देशभक्त भन्नुहुन्छ आफूहरूलाई । भएन भनेर वामपन्थी पनि भन्नुहुन्छ । यहि हो वाम ? अब उहाँहरूको विरोध गर्ने कि नगर्ने ? न यो वाम हो, न यो कम्युनिस्ट हो न यो देशभक्त हो । अब हाम्रा गीत सङ्गीत त्यहाँ कन्द्रीत हुनु पर्ने भयो । यसबारेमा हामीले गम्भीरता पूर्वक सोच्न जरुरी छ ।

हामी धेरै छौं । प्रगतिशील लेखक सङ्घ पनि छ । त्यहाँ हामी पनि छौं र सरकार पक्षधरहरू पनि हुनुहुन्छ । अब उहाँहरू यही संसदीय व्यवस्थालाई सदृढ बनाएर लैजाने भन्नुहुन्छ । के प्रगतिवादीहरूले त्यही गर्ने हो ? थुप्रै प्रश्नचिन्हहरू उठेका छन् । हामी कम्युनिस्टहरूको साहित्यिक साङ्गीतिक आन्दोलनको धारा भनेको समाजवादी यथार्थवाद हो । समाजवादी यथार्थवाद हो भने यो सत्ता, व्यवस्था र संसदवादलाई जोगाउनेहरू समाजवादी यथार्थवादी हुन्छन् ? यसबारेमा गम्भीर वहस हुन जरुरी छ ।

इच्छुक प्रतिष्ठानले एउटा कार्यक्रम राख्यो । त्यो बेला हामीले छलफल र बहस गऱ्यौं । यो पनि जरुरी छ । सत्ताको कुर्चीमा गएर बस्ने आन्दोलनकारीहरूलाई दमन गर्ने ? कम्युनिस्ट हौं, देशभक्त हौं, वाम हौं भन्ने ? त्यो अधिकार छैन उनीहरूलाई । र, अब हाम्रो लक्ष्य, उद्धेश्य के हो साहित्यिक, साङ्गीतिक फाँटको ? आन्दोलनको दिशा केहो भन्ने बारेमा हामीले राम्रै तरिकाले छलफल र वहस गर्नु पर्ने भयो । यो आवश्यक छ । आन्दोलन जतिसुकै भएपनि एउटा अध्याय सकियो । गणतन्त्र आयो । यो ठिकै छ । धर्म निरपेक्षता, सङ्घीयता, समानुपातिक समावेशिता पनि ठिकै छ । तर समग्रमा यो संविधानले के गरेको छ ? साथीहरूले भन्नुहुन्छ अब समाजवादको कुरा । समाजवाद त भारतको संविधानमा पनि त लेखेको छ । समाजवाद त धेरै किसिमका हुन्छन् । प्रतिक्रियावादी समाजवाद पनि हुन्छ । मार्क्सले त सुधारवादी समाजवाद, प्रतिक्रियावादी समाजवाद भन्नुभएको छ । सबैले पढेकै हौंला । अमुर्त भाषामा समाजवाद भनेर हुँदैन । लोकतन्त्रको चरित्र वर्गीय हुन्छ कि हुँदैन ? काङ्ग्रेसलाई पनि त्यही ठिक, राप्रपालाई पनि त्यही ठिक, एमालेलाई पनि त्यही ठिक र माओवादी भन्नेलाई पनि त्यही ठिक । यस्तो पनि हुन्छ लोकतन्त्र ? हामीले यसको वर्गीय चरित्र हुन्छ भनेर पढ्दै र लड्दै आएको होइन ? हो त्यसैले अबको आन्दोलनको दिशा के हो भन्ने बारेमा पनि सोचौं ।

हामीलाई के लागेको छ भने नेपालमा प्रगतिशील साहित्य, प्रगतिशील गीत सङ्गीत धेरै राम्रो छ । केही कमि कमजोरी छन् तर मूख्य रूपमा यी धेरै राम्रा छन् । गीत सङ्गीत र सिर्जनाको क्षेत्रमा त असङ्ख्य धनी छ नेपाल । इतिहासमा हामीले के गरेका छौं ? यसलाई एकातर्फ माथि उठाउन जरुरी छ । अर्कोतिर आन्दोलन पूरा भएको छैन । अर्को नयाँ आन्दोलनका निम्ति हामीले साहित्य, कला, गीत सङ्गीतको क्षेत्रबाट अर्को तयारी गर्न जरुरी छ । अब आन्दोलनको लक्ष्य कस्का विरुद्ध हो र के प्राप्ती हो भन्ने कुरालाई हामीले राम्रो तरिकाले सोच्न जरुरी छ । अब सामन्त, दलाल, नोकरसाह र भारतीय विस्तारवादलाई जस्ले बचाउन र संरक्षण गर्न चाहन्छ त्यसैका विरुद्ध हाम्रो आन्दोलन लक्षित हो र हुनु पर्छ । नयाँ जनवाद हुँदै समाजवाद र साम्यवादमा जाने कुरा त छँदै छ । यो दिशामा ध्यान दिऊँ । हामीले धेरै मिहिनेत गरेका पनि छौं । धेरै मिहिनेत गर्दा गर्दै डर लाग्ने कुरा के छ भने विजातीय सजातीय हुने र सजातीय विजातीय हुने अवस्था आयो । यस्तो फास्टो आइलाग्यो । हाम्रा मित्रहरू अर्कैतिर गएर दुश्मन भनेकाहरूसित घाँटी जोड्ने कुरा आयो । यस्तो स्थिति छ । यसबारेमा हामीले लेखौं । सबैले लेखौं, जेवी, दुवाल अरू साथीहरूले पनि लेखौं । जस्ले हामीलाई टिच गर्न सकोस् । इच्छुक प्रतिष्ठानले त्यस सम्वन्धी सामग्री तयार पारोस् । यो प्राज्ञिक संस्था पनि हो । प्रज्ञिक संस्थाको हैसियतले यसले महत्वपूर्ण भूमिका खेलोस् । यति भन्दै मेरा कुरा यहीं टुङ्ग्याउँछु । धन्यावाद ।

*(इच्छुक सांस्कृतिक प्रतिष्ठानद्वारा आयोजित बैशाख २८ गतेको कार्यक्रममा चैतन्यले प्रमुख अतिथिको तर्फबाट दिनुभएको सम्भाषण)*

## कविता

### प्यारीडाँडाको क्याप्टेन



● हिरामणि दुःखी

*उदास/उदास*
*बेचैन/बेचैन*
*र ऐठनमा छ अचेल*
*प्यारीडाँढाको क्याप्टेन ।*
*ङ*
*हिजो रम्तेल कान्छा*
*गोर्खा र बर्मझियाका माडसाव*
*मेलगैरे बन्धू र सातमाराका कवि*
*बरदान बा र ललि, कुमारी*
*थवाङी काका, विष्णु र विश्वेश्वरका रगतले*
*नक्सा कोर्थ्यो सुदूर यात्राको*
*र सपना बुन्थ्यो सगरमाथा चुम्ने*
*प्यारीडाँडाको क्याप्टेन ।*

• • •

*अचेल ती रगतका टाटा*
*आफैले कोरेको नक्सा*
*र सगरमाथा चुम्ने सपना*
*सबै सबै*
*कुरूप अनुहारमा*
*दिमाग चाट्दै आउँछन्*
*र ठोकिन्छन् नाकमा*
*गन्हाउँछ उसलाई डुङ्डुङ्ती*
*ऐठन बनेर उभिन्छ रातो दिन*
*र झस्किँदै बर्बराउँछ सुर बेसुर*
*प्यारीडाँडाको क्याप्टेन ।*

• • •

*जब ओर्लन्छ क्याप्टेन*
*प्यारीडाँडाको :८ द्धण्ण नं.को*
*जहाजबाट*
*भुइँमा टेक्दा नटेक्दै*
*थवाङ, राङ्सी, राङ्कोट र इरिवाङहरू*
*ओत, कुरेली र घर्तीगाउँहरू*
*बाटो छेक्न उभिएका*
*तगारोका भीरझैं लाग्छन् उसलाई*
*दायाँ बायाँ नहेरी*
*विछिप्त विछिप्त मुडमा*
*निकै तनाव र बेचैनमा छटपटिँदै*
*चिल्लो र चिप्लो बुलेटप्रुफमा चढेर*
*सुलुत्त हुँइकिन्छ कार्गेटका बीचमा*
*र लाजिम्पाटको संसयी 'भुत'बाट तर्सिंदै*
*मानौं उसलाई*
*पिछा गरिरहेछन्*
*रोमियो, किलोशेरा, कम्बिङ र पाथीभरा*
*चौतर्फी घेराबन्दीमा छ ऊ*
*र कार्गेटमा सवार नयाँ 'जनसत्ता'का*
*'मुक्तिसेना'हरूले स्कर्टीङ गर्दै र घेरा तोड्दै*
*सुरक्षित अवतरण गराउँछन् खुमलटार*
*त्यतिबेला*
*शिकारीको पञ्जाबाट बालबाल उम्किएको*
*सुतुमुर्गझैं घुस्रिन्छ विस्तरामा*
*एक घुट्को स्कच वा रेडलेवलले*
*सुकेका ओठ भिजाउँदै*
*प्यारीडाँडाको क्याप्टेन ।*
*२७ बैशाख २०७५, घट्टेकुलो, काठमाडौं*

## इच्छुक पुरस्कारको घोषणा



इच्छुक सांस्कृतिक प्रतिष्ठानले हरेक वर्ष प्रगितवादी साहित्य र कला क्षेत्रका प्रतिभाहरूलाई पुरस्कृत गर्दै आइरहेको सर्वविदितै छ । यस वर्षको 'इच्छुक स्मृति पुरस्कार' नेपाली जनसांस्कृतिक आन्दोलनमा विगत चालीसको दशकदेखि निरन्तर क्रियाशील हुँदै जनयुद्धको ऐतिहासिक प्रक्रियादेखि संगठनात्मक एवम् सिर्जनात्मक क्षेत्रबाट क्रियाशील भई नेपाली वर्गसङ्घर्षको नवीन सौन्दर्य मूल्यहरूको विकास र प्रवर्द्धनका लागि अहोरात्र जुट्दै चितवनबाट आन्दोलनको मूलप्रवाहमा सिर्जनात्मक रूपले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका चितवन टाँडीका कवि मोदनाथ मरहट्टा र नेपालको जनसांस्कृतिक आन्दोलनमा उत्पीडित वर्गको संवेदनालाई कविता, निवन्ध र अनुवादका माध्यमबाट चित्रण गर्दै सिर्जनात्मक क्षेत्रबाट नेपाली वर्गसङ्घर्षको सौन्दर्यात्मक मूल्यहरूको प्रवर्द्धनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका चाल्नाखेत काठमाडौं निवासी कथाकार विनोदविक्रम केसी लाई संयुक्त रूपमा दिइने निर्णय भएको छ ।

त्यसैगरी साहित्यतर्फको 'इच्छुक प्रतिभा पुरस्कार' विगत लामो समयदेखि साहित्यलेखनमा क्रियाशील रहेर नेपाली वर्गीय आन्दोलनको संवेदनालाई कवितामार्फत् अभिव्यक्त गर्दै आएकी काठमाडौं निवासी कवि शोभा दुलाललाई दिइने भएको छ भने कलातर्फको 'इच्छुक प्रतिभा पुरस्कार' नेपाली जनयुद्धमा गीत, संगीतका माध्यमबाट जुझारु सांस्कृतिक योद्धाको भूमिका निर्वाह गर्दै समाज रूपान्तरण अभियानमा सामाना सांस्कृतिक परिवारमा संगठित भई जनपक्षीय संस्कृतिको विकास र प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएकी धनकुटा हाल कालीकोट निवासी फूलमायाँ दर्जी (प्रगति हिङमाङ)लाई दिइने भएको छ ।

इच्छुक स्मृति पुरस्कारको राशी रु एक लाख नगद र प्रमाणपत्र रहेको छ भने प्रतिभा पुरस्कार जनही पच्चिस हजार र प्रमाणपत्र रहेको छ । यही जेठ १३ गते इच्छुक स्मृति दिवसका अवसरमा आयोजित विशेष कार्यक्रममा प्रतिष्ठानका संरक्षक वरिष्ठ मार्क्सवादी सौन्दर्यचिन्तक चैतन्यबाट प्रदान गरिनेछ । उक्त दिन वार्षिक कार्यक्रमका साथै पुरस्कार वितरण कार्यक्रम गरिने भएकाले सहभागिताका लागि कवि, कलाकार र सम्पूर्ण सांस्कृतिक कर्मीहरूलाई विशेष आमन्त्रण गरिन्छ ।

## लक्ष्यको...

कार्यक्रममा बोल्दै वैद्यले अगाडि भन्नुभयो 'गीत सङ्गीतको सौन्दर्यको विवेचना गर्न गीत सङ्गीतको भित्री मर्मको बारेमा ज्ञान हुनु जरुरी छ । नेपालमा यस बारेमा धेरै अध्ययन र लेखन हुन सकेको छैन । यो धेरै गाह्रो कुरा पनि हो । प्रगतिशील गीत सङ्गीतको मात्रा, ताल र भावको कुरा त गरियो, त्यो भनेको के हो भन्ने कुरामा राम्रो अध्ययन र लेखन हुनु जरुरी छ ।' पञ्चायतकालमा जनतालाई चेतना दिने र क्रान्तिमा उर्जा भर्ने काममा प्रगतिशील गीत सङ्गीतका साधक र सर्जकहरूले महत्वपूर्ण भूमिका खेलेको चर्चा गर्नुहुँदै त्यसबेलाका शीर्ष कलाहरूको नाम लिँदै भन्नुभयो 'पञ्चायत कालमा गीत लेख्ने र गाउनेमा पाखिनको पनि महत्वपूर्ण योगदान छ । यस क्षेत्रमा रामेश, रायन, रामकृष्ण दुवाल, जेवी टुहुरे, श्याम तमोट आदि थुप्रै थुप्रैको नाम आउँछ । पछिल्लो कालमा मणि थापाले पनि लेख्नुभयो । उहाँहरू सबैले असाध्य मिहिनेत गर्नुभयो यस क्षेत्रमा । जनयुद्धको प्रकृयामा थुप्रै थुप्रै साथीहरूले लेख्नुभयो । यो लेखेको कुरा राम्रो छ । यसको समीक्षा गर्ने कुरा निकै गाह्रो छ ।'

अबको गीतसङ्गीतको लक्ष्य र उदेश्यबारे चर्चा गर्दै कस्का विरुद्ध लेख्ने र गाउने भन्ने विषयमा उहाँले भन्नुभयो 'अब आन्दोलनको लक्ष्य कस्का विरुद्ध हो र के प्राप्ती हो भन्ने कुरालाई हामीले राम्रो तरिकाले सोच्न जरुरी छ । अब सामन्त, दलाल, नोकरसाह र भारतीय विस्तारवादलाई जस्ले बचाउन र संरक्षण गर्न चाहन्छ त्यसैका विरुद्ध हाम्रो आन्दोलन लक्षित हो र हुनु पर्छ ।'

उहाँले हिजो जनयुद्ध गरेर आएको एउटा शक्ति आज विजातीय तत्वसँग घाँटी जोडेर गएको र आफ्ना मित्र शक्ति प्रति दमन गर्न थालेको विषयमा पनि कडा टिप्पणी गर्नु भयो ।

सो कार्यक्रमा जनगायक रामकृष्ण दुवालले गीतको मात्राले ताल माग्ने तालले गला सबै मिल्यो भने गीत राम्रो हुने भन्नुहुँदै आफूले सङ्गीत सिकाएको कलाकार मध्ये असाध्यै छिटो सिक्ने र टिप्ने कला चुनु गुरूङ्गमा भएको स्मरण गर्नु भयो । चुनु गुरुङको स्मरण गर्दा उहाँको गला अवरुद्ध भएको थियो । उहाँले आफ्नो गीतसङ्गीतलाई स्थान दिन सके अरूले हेप्न नसक्ने तर अहिलेको मिडियाले भारतीय गीतलाई महत्व दिने गरेको र हाम्रा गीत सङ्गीतलाई उपेक्षा गर्ने गरेकोमा दुःख व्यक्त गर्नु भयो । उहाँले अहिले वामपन्थी सरकार भए पनि नाम मात्रैको वामपन्थी भएकोले परिस्थिति नबदलिएको अनुभूति पनि राख्नु भयो ।

कार्यक्रमका अर्का वक्ता प्रगतीवादी समीक्षक डा.मधुसुदन गिरीले रस र भाव पनि वर्गीय हुने र अभिजात वर्ग र श्रमीक वर्गको सौन्दर्य र बिम्ब फरक हुने भएकोले यो गीति क्यासेटले प्रतिनिधित्व गर्ने श्रमिक वर्गको लागि उत्साहित गीत रहेको बताउनु भयो । प्रगतिवादी कवी मित्रलाल पंज्ञानीले ' लक्ष्यको शिखर' गीति एल्वम्को विस्तृत चर्चा गर्नुभएको थियो भने जनवादी गायक जेवी टुहुरेले गीतसङ्गीतका क्षेत्रमा आफूले सङ्गालेका अनुभूतिहरू राख्नु भएको थियो ।

इच्छुक प्रतिष्ठानकै प्रेक्षालय घट्टेकुलो काठमाडौमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि मोहन वैद्य 'किरण' बाट गीति एल्वम् 'लक्ष्यको शिखर' सार्वजनिक गरिएको थियो । २०५९ जेठ १३ गते प्रहरी हिरासतमा हत्या गरिएका कृष्णसेन इच्छुकको रचना शिर्षक गीत गायक रमण थामीले गाएर कार्यक्रमको शुरूवात गरिएको थियो । कलाकारहरू निर्मला घिसिङ, बिहानी बिक र प्रगति हिङ्माङ्ले उक्त सिडिमा सङ्कलित गीत गाएका थिए ।

प्रतिष्ठानका अध्यक्ष ईश्वरचन्द्र ज्ञवालीले कार्यक्रमको सुरुमै उक्त कार्यक्रमको उद्येश्य माथि प्रकास पार्दै विषय प्रवेस गराउनुभएको थियो । उक्त कार्यक्रमको सञ्चालन प्रतिष्ठानका सदस्यसचिव प्रगतिवादी कवि तथा कथाकार हिरामणि दुःखीले आमन्त्रित सबैलाई स्वागत गर्दै कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

माओवादी पार्टीको टुटफुटसँगै तीनतीर छरिएका सामनाका कलाकार हरूलाई यौटै मञ्चमा उतारेर कार्यक्रम सफल पारेको प्रतिष्ठानले जनाएको छ ।

## नेपालगञ्जमा...

सरकारको निकृष्ट फासिवादको संज्ञा दिँदै गिरफ्तार गरिएका नेता न्यौपानेसहित बर्दिया सेक्रेटरी लोकेश र विध्यार्थी नेता आयुष न्यौपानेलाई अविलम्ब रिहाईको जोडदार माग गर्नुभएको छ ।

महासचिव किरणले वक्तव्यमा भन्नुभएको छ, 'हिजो पाँच नं. प्रदेशको नेपालगञ्जबाट हाम्रो केन्द्रीय समितिका सदस्य क. भूपेन्द्र न्यौपाने, बर्दिया सेक्रेटरी क. लोकेश, विध्यार्थी नेता आयुष न्यौपानेलाई २९ गतेको ओली-मोदी गठबन्धन तथा राष्ट्रघातका विरुद्ध गरिएको विरोध प्रदर्शनलाई कारण बनाउँदै प्रहरी प्रशासनद्वारा अप्रत्यासित रूपमा गिरफ्तार गरी प्रहरी हिरासतमा राखिएको छ । हाम्रा पार्टीका कमरेडहरूको यस प्रकारको गिरफ्तारीलाई पार्टी निकृष्ट फासिवाद ठान्दछ र त्यसको घोर विरोध तथा भर्त्सना गर्दै केन्द्रीय सदस्य क. भूपेन्द्रसहितका कमरेडहरूलाई अविलम्ब रिहाई गनर्कका लागि जोडदार माग गर्दछ ।'

यसैबीच, क्रान्तिकारी माओवादी प्रदेश नम्बर ५ कार्यालय बुटवलले पक्राउ परेका पार्टीका केन्द्रीय सदस्य भूपेन्द्र न्यौपानेसहित तीन जनाको रिहाईको माग गरेको छ । पार्टीका प्रदेश कार्यवाहक संयोजक केबी गुरुङले आइतबारै एक वक्तव्य जारी गरी उनीहरूको रिहाईको माग गर्नुभएको हो । नेपालगञ्जबाट बर्दिया जाने क्रममा आज बिहान बाटोमा हिडिरहेको अवस्थामा उनीहरूलाई बाँकेको खजुराको धनौलाबाट प्रहरीले विनाकारण पक्राउ गरि खजुरा इलाका प्रहरी कार्यालयमा राखिएको गुरुङले जारी गरेको विज्ञप्तीमा उल्लेख छ । उनीहरूलाई विना शर्त रिहाई नगरे कडा संघर्षमा उत्रिने विज्ञप्तीमार्फत गुरुङले चेतावनी दिनुभएको छ ।

यसैबीच क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले एक प्रेस विज्ञप्ति जारी गरी क्रान्तिकारी पत्रकार महासंघका कार्यालय सदस्य लोकराज जैसी र बर्दिया जिल्ला अध्यक्ष आयुस न्यौपानेको बिनाकारण गरिएको गिरफ्तारीको निन्दा एवं भर्त्सना गर्दै अविलम्ब रिहाइको माग गर्नुभएको छ ।

## अरुण...

वा व्यवसायलाई कर मिनाहा गर्ने प्रचलन छैन । उल्टै नेपाल सरकारले आयोजनालाई भ्याट छुट सुविधाबापत प्रतिमेगावाट ५० लाख रूपैयाँका दरले एकमुष्ट बर्षिक ४ अर्ब ५० करोड रूपैयाँ आयोजनालाई दिनुपर्नेछ । आयोजनाका लागि आयात गरिने सिमेन्ट, रड तथा स्टिलजन्य सामग्री खरिद गर्दा भन्सारमा ५० प्रतिशत छुट दिइने ब्यवस्था पीडीएमा छ । त्यस्तै सरकारले दिनुपर्ने स्वीकृति समयमा नदिएमा वा ऐन कानून परिवर्तन भए अथवा आन्दोलन, अवरोध, सङ्कटकाल लागू भई २१ दिनभन्दा बढी लगातार हडताल गरिएमा सरकारले कम्पनीलाई क्षतिपूर्ति दिनुपर्ने प्रावधान पीडीएमा राखिएको छ । आयोजना निर्माणका क्रममा कुनै परिस्थिति बदलियो भने निर्माण अवधि ४ वर्ष ६ महिनासम्म थप्न सकिनेछ ।

यस्तै व्यापारिक उत्पादन मिति घटीमा सात वर्षदेखि बढी साढे १२ बर्ष लाग्ने प्रावधान राखिएको छ । सम्झौताअनुसार अरुण-३ मा उत्पादित विद्युत भारतको बिहार राज्य अन्तर्गत मुजफ्फपुर विद्युत केन्द्र (सब-स्टेशन) मा लगिने र त्यपछि भारत सरकारसँगको अर्को सहमती अनुसार नेपालतिर पुनः ल्याइनेछ । त्यसरी नेपालको विद्युत नेपालले भारतबाट तेल आयात गरेझै नियन्त्रित तरिकाले आयात गर्नुपर्नेछ । विद्युत केन्द्र भारतमा राख्दा रोजगार, बजारलगायतको अप्रत्यक्ष आर्थिक लाभबाट समेत नेपाल वञ्चित हुनेछ । विद्युतगृह, सुरुङ, बाँध र कार्यालय सुरक्षाको नाममा देशको भित्री भागसम्म भारतीय सुरक्षाकर्मी पस्नेछन् ।

***अरुण ३ मा नेपालले के पाउँछ ?***

आयोजनाबाट वार्षिक २१.९ प्रतिशत अर्थात १९७ मेगावाट बिजुली नेपालले निःशुल्क पाउने छ आयोजनाबाट २५ वर्षमा नेपाललाई रोयल्टी, निःशुल्क विद्युत तथा आयकर बापत जम्मा १ खर्ब २६ अर्ब ५० करोड रुपियाँ प्राप्त हुनेछ ।

***अरुण ३ मा नेपालले के गुमाउँछ ?***

१२ सय मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत आयोजनाको अनुमानित लागत करिब २ खर्ब ६० अर्ब रूपैयाँ छ भने नौ सय मेगावाट क्षमताको अरुण तेस्रोको अनुमानित लागत जम्मा १ खर्ब ४ अर्ब रूपैयाँरहेको छ । अत्यन्त कम लागतको अरुण तेस्रो आयोजना भारतकै हातमा पुग्नु र त्योभन्दा दोब्बर बढी लागतको बुढीगण्डकी नेपाल आफैंले बनाउन बाध्य हुनु, माथिल्लो कर्णाली आयोजनामा नेपालले १२ प्रतिशत बिद्युत पाउदा पनि ५०१.६ मेगावाट बिद्युत पाउनुपर्नेमा । माथिल्लो कर्णाली आयोजनामा १०८ मेगावाट विद्युत् निःशुल्क पाउने प्रलोभनमा ९०० मेगावाट विद्युत् निर्माणमा सहमत गर्नु, निशुल्क बिजुलीकै नीति पछ्याए पनि पूर्ण क्षमतामा निर्माण नगर्नु , ९०० मेगावाट विद्युत् निर्माणमा सहमत गरिनुको अर्थ माथिल्लो कर्णाली आयोजनामा ३२८० मेगावाट गुमाउनु र थप १०८०० मेगावाटको कर्णाली चिसापानी तुहाउनु हो । नेपालमा सगरमाथा अनि बुद्धपछिको नेपालको पहिचान बन्न सक्ने परियोजना भ्रूण नै हत्या गर्नु को रहस्य पछाडि के लुकेको छ ? एमालेकै मुख्य भूमिका रहेको त्यो रहस्यमा कहिँ कतै राष्ट्रियता झल्किन्छ ?

२० वर्ष पहिले भारतसँग भएको महाकाली सन्धिको डीपीआर १५ वर्षसम्म तयार हुननसकेको तीतो इतिहास कसका सामु छ ? सन्धिका हर्ताकर्ता तात्कालिक प्रधानमन्त्री शेर बहादुर देउबा पश्चिमको कायापलट हुन्छ भन्नुहुन्थ्यो । प्रतिपक्षका के.पी. ओली आज प्रधानमन्त्री हुनुहुन्छ उहाँले प्रत्येक नेपाली लखपति हुन्छन् भन्नुहुन्थ्यो । के देशको कायापलट भयो ? के नेपाली लखपति भए ? प्रश्न मात्र छ आज हाम्रो साथमा । कोशी र सिमानामा पुस्तौंदेखि भोगचलन गर्दै आएको नम्बरी जग्गा गुमाउनु पर्दा जनताले के महसुस गरिरहेका छन् ? न्यायका लागि कसलाई गुहार्ने ? राष्ट्रको राष्ट्रिय सुरक्षा, जनताको सुरक्षा, जनताको सम्पतिको रक्षा कसले गर्ने ? सीमा अतिक्रमणको कुरै नगरौ ।

हिजो र आज, देश लुट्नेहरू र भोलि देश लुट्न योजना बुन्नेहरूले नै छाती पिटी पिटी आफूलाई राष्ट्रवादी भनिरहेका छन् र हामी उसैलाई राष्ट्रवादी स्वुकार्न बाद्य छौ ।

फेब्रुअरी १९९३ मा अमेरिकी डलर ७६ करोड ४० लाख लागत भएको अरुण तेस्रो आयोजना बनाउन अरुण उपत्यकाको बीचबाट १२२ किलोमिटर लामो एक्सेस रोड बनाउँदा १० हजार मजदुरले काम गर्छन् । यो आयोजनाले साढे चार लाख आदिवासी प्रभावित हुन्छन्, १०० भन्दा बढी वनस्पति विनाश हुन्छन् भनि एक मतले चर्को विरोध गर्ने डलरवादी एनजीओ तथा वातावरणवादी आइएनजीओ वि.सं. २०७५ सम्म आउँदा कता हराए ? एमाले नेतृत्वको सरकारले वातावरणमा नराम्रो प्रभाव पर्ने र यति ठूलो आयोजना नेपालका लागि आवश्यक नरहेको आयोजना राष्ट्रिय हीतविपरीत भएको बताउँदै संसद् अवरुद्ध गर्यो , सडकमा टायर बालेर आन्दोलन गर्यो । तत्कालीन एमाले महासचिव माधवकुमार नेपालले सहयोग नगर्न चेतावनी दिँदै एसियाली विकास बैंकलाई चिठी नै लेखे । मध्यावधि निर्वाचनमार्फन सत्तासीन भएपछि एमालेले अरुण तेस्रो रद्द नै गरिदियो ।। माधवकुमार नेपालले वि.सं.२०५१ कात्तिक १ गतेका दिन विश्व बैंकका अध्यक्ष प्रेस्टनलाई अरुण तेस्रो परियोजना स्वीकृतिका लागि सुरु गरिएको प्रक्रियामाथि प्रश्न उठाउँदै एउटा पत्र नै लेखेका थिए । उनले पत्रमा दुई विषय उठाएका थिए जुन यसप्रकार छन् :

१. परियोजनाका विषयमा आवश्यक कागजात र सूचना नहुँदा यो विषयमबारे संसद्मा परिणाममुखी छलफल हुन सकिरहेको छैन । के आज छलफल भएको छ ?

२. यस्तो विवादित परियोजनामा अहिलेको सरकारले प्रतिवद्धता जनायो भने पनि भोलि हामी निर्वाचित भएर आएमा पुनरावलोकन गर्नेछौं । के आज पुनरावलोकन हुँदा देश र जनताले जिते ?

पञ्चेश्वर परियोजना बनाउन पटक्कै ईच्छा नदेखाएको भारतले माथिल्लो कर्णाली र अरुण तेस्रोमा हात हालिसकेको छ, तर प्रधानमन्त्री ओली पनि आश्चर्यजनक रूपमा मौन रहँदै आउनु भएको छ किन ? खै कता गयो प्रधानमन्त्री ओलिको राष्ट्रियता ?

नेपालकै पूर्वी भागको प्रदेश नं. १ नेपालकै औद्योगिक इतिहास बोकेको सहरहरू तीव्र रूपमा विकास भइरहेको सहरीकरणका लागि बिजुलीको आवश्यकता र माग अत्यन्तै ज्याद छ । यही प्रदेशमा निर्माण हुने अरुण तेस्रो सामरिक र आर्थिक हिसाबले पनि अत्यन्तै महत्वपूर्ण योजना हो । जुन योजनामा प्रदेश नं. १ नै निर्माण भए तापनि यस प्रदेशसमेत विद्युत उर्जाबाट पूर्ण वञ्चित हुनेछ । यो आयोजनामा केन्द्र सरकारले प्रदेश नं. १ लाई औपनिवेशिक दोहन र विद्युत् उपभोग गर्नबाट विमुख पारेर भारत निकासी गर्ने योजना बनाएको छ ।

काम सुरु गरेको ५ वर्ष वा कुनै कारणवश ढिला भए थप ४ वर्ष ६ महिना निर्माण अवधि थप्ने, ७-१२ वर्ष प्रयोगको अवस्था र त्यपछि मात्रै नेपालीले १९७ मेघावाट विद्युत प्राप्त गर्ने हो । २५ वर्ष पछाडि नेपाललाई थोत्रा मेशिनहरू, जीर्ण संरचना मात्र उपलब्ध गराउने आयोजनाबाट नेपालले पाउने १ खर्ब ७६ अर्ब र गुमाउने आयकर, भ्याट, भन्सार महशुल र साढे ४९ अर्ब आदि नेपालले कुल क्षमताको हिसाब गर्दा तीन तिहाइभन्दा बढी पुँजी गुमाउने र नेपालले खूद पाउने १ खर्ब २६ अर्ब ५० करोड रुपियाँ मात्र हो । यस्तो आर्थिक, प्राविधिक र देशकै मुहार फेर्नसक्ने राष्ट्रको महत्वकांक्षी आयोजना ४५ वर्षसम्म अर्काको हातामा सुम्पिएर कसरी देशको समृद्धि हुन सक्छ ? देशमा कसरी समाजवाद आउँछ ? कसरी नागरिकका प्रतिव्यक्ति आयमा बृद्धि हुन सक्छ ? के यही हो राष्ट्रियता ? राष्ट्रियता र लोकतन्त्रको नाममा देश र जनतालाई लुट्नेहरूसँग अब सम्पूर्ण नागरिकहरूले सचेत हुने बेला आएको छ । सही कामको समर्थन र गलत कामको विरोध गर्नु एक असल नागरिकको कर्तव्य हो । यदि हामी बेलैमा सचेत भएनौ भने, हाम्रो देश नेपाल र हामी नेपाली भएर नरहने स्थिति आउन सक्छ ।


वैशाख २५ देखि ३१ गतेसम्मको दुर्वाच्य
रामचन्द्र हुमागाई


## पुष्पकमल आफूले खनेको खाल्टोमा आफैं

**वैशाख २५ गते ।** अर्थमन्त्री युवराज खतिवडाले नेपालमा घाटामा गएको अर्थतन्त्रलाई व्यालेन्समा ल्याउन आठ खर्बको आवश्यकता छ, भनेछन् । मन्त्री महोदय यही ताल हो भने अबको केही समय भित्रै आठ खर्ब होइन एकसय आठ खर्बले पनि राष्ट्रिय घाटा पुर्ति गर्न सक्नु हुन्न । किन ? भन्नहोला, नेपालमा तस्करहरू जालो भन्सार देखि सन्सारसम्म फैलिएको छ । नपत्याए खोज्नोस् भारतमा निर्मित सुर्तीजन्य पदार्थका पारखी कतिछन् र दैनिक कति सुर्ती नेपाल भित्रिन्छ तर त्यो सुर्तीको राजश्व एकपैसा उठेको रेकर्ड तपाई पाउँन सक्नु हुन्न । यो एउटा उधाहरण मात्रै हो, यस्ता हज्जारौं सामग्री दैनिक नेपल भित्रन्छन् तर सरकारको ढुकुटी रित्ताको रित्तै । सरकार नाफामा जाने माध्यम भनेको राजश्वको आम्दानी होइन र !

**वैशाख २६ गते ।** ओहो सुन तस्करीको जालो । विमानस्थलमा खटिएको प्रहरीको बटालिन नै सरकारको होइन, तस्करको सँरक्षक ? यस्तो पनि हुन्छ दुनियामा ? अझै भनिन्छ, यो लहरो तान्दा गर्जिएको पहरो मात्रै हो । पहरै सुसाउँने गरि तान्यो भने त के नै पो नहोला । सुनिन्छ, सुन भित्रयाउन नेपालमा सजिलो छ । विमानस्थलका लोडरहरूलाई शेयरहोल्डर बनायो, हवाइजहाजको भऱ्याङबाटै सुन भित्रयाउन सकिन्छ भन्नेहरू कतिछन् कति ।

**वैशाख २७ गते ।** प्रधानमन्त्री के. पीं ओलीले आगामी आर्थिक वर्षको बजेट निर्माण क्रममा माओवादीका पक्षबाट मन्त्री भएकाहरूसँग सरसल्लाह नै गरेनन् भनेर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले गुनासो गरेछन् । यो राजनीति भनेको यस्तो खतरा गेम हो, जुन दाहाल आफैंले खेलिसकेको खेल हो । ख्याल गर्नुपर्ने कुरा चाँही के हो भने आफूले अरुलाई जसरी दुःख दिइन्छ, अरुले पनि आफूलाई त्यसैगरी दुःख दिन्छ भन्ने कुरा बुझ्नु जरुरी हुन्छ । हेर्दै जानोस् यस्ता गेम कति खेलिन्छ कति ? माखेसाँङ्लोबाट बच्न मात्रै जान्नुपर्छ ।

**वैशाख २८ गते ।** हिजो देखि नेपाल मोदीमय भएको छ । आकाशमा जता हेऱ्यो उतै भारतीय लडाकु बिमान र लडाकु हेलिकोप्टर घुमिरहेका छन् । नेपाली आकाश यति सुरक्षित छ जहाँ जो पनि एक्लै घुम्न सक्छ । यस्तो ठाउँमा मोदीलाई कसले के गर्ला र यतिसारो सिपाही खर्च भारतले बढाएको होला । कि पाकिस्थानले नेपाली आकाशमा पनि निगरानी गरेको छ भन्ने डर मोदीलाई लागेको छ ?

**वैशाख २९ गते ।** महिला पीडिक पुरुषहरूको भिड प्रहरी कार्यालयमा लागेको देख्ता एकपटक महिला अधिकारवादीहरूको अनुहार हेर्न मन लागेको छ । पुरुषमात्रै दोषी हुन्छन् भनेर झ्याली पिटेर हिड्ने महिलाले किन पुरुषहरूको समस्या बुझ्दैनन् ?

**वैशाख ३० गते ।** काम गर्ने कि पैसा सक्ने ? मूलुकको विकास गर्न रकम खर्च गर्ने गरिन्छ तर नेपालमा बिकास होइन पैसा खर्च गर्न चलनछ । पहिलेको थेगो थाम्दै अहिलेका साँसदले पनि निर्वाचन क्षेत्र खर्च निकासलागि सरकारलाई दवाव दिएका छन् ।

**वैशाख ३१ गते ।** साना आयोजनाहरू आगामी वर्ष देखि मृतअबस्थामा पुग्ने भएका छन् । यस्ता योजनाहरूले देशलाई कुनै उपलव्दि नदेखेर नयाँ अर्थमन्त्रीले यस्तो नीति अवलम्वन गरेको हेनुपर्छ ।

*(लेखक ने.क.पा. (क्रान्तिकारी माओवादी)को केन्द्रीय सदस्य तथा प्राकृतिक स्रोत साधन विभाग सदस्य हुनुहुन्छ ।)*

## रामायण....

शासकका नाईके बनेका प्रधानमन्त्री केपी ओलीको दलाली र लम्पसारवादको पराकाष्ठा पनि हो ।

यसलाई उदार धार्मिक कोणबाट हेर्दा भन्न सकिन्छ, नेपालीहरू धर्म कर्म गर्न भारत गई नै त रहेका छन् । त्यसकारण यसलाई एउटै सर्किटमा जोडेपछि त अझ बढी सुविधा हुने हुन्छ । धर्म कर्म गर्न एक देशबाट अर्को देशमा जाने नेपाल भारतमा मात्रै होइन, विश्वभरि नै प्रचलन छ । किन कि एउटै धर्म संस्कृतिका समुदाय विभिन्न देशमा बसोवास गरेको अवस्थाहरू छन् । जस्तै स्लाम धर्मको उद्‌म केन्द्र विन्दु मक्का र मदिना भए पनि मुस्लिम समुदाय विश्वभर नै फैलिएका छन् । र, नेपाल, भारत लगायतका देशमा बस्ने हजारौ लाखौं मुस्लिम समुदाय हज गर्न वर्षै पिच्छे मक्का मदिना जाने गर्दछन् । के भारतले दिल्लीको जामे मस्जिदलाई अरबको मक्का मदिना सर्किटमा वा रावलपीण्डिको स्लाम सर्किटमा राख्न तयार हुन्छ ? ती देश भारतको जामेमस्जिदको सर्किटमा जोडिन राजी हुन्छन् ? त्यो संभव छैन र उनीहरूको भू-राजनीतिले दिंदैन । हाम्रो त शासनसत्ताको बागडोर सम्हालेका साशकहरूनै भारतीय विस्तारवादको दलाली र लम्पसारवादी भएकाले हो । अर्को पक्ष जनताका अभाव र अज्ञानतामा पिल्सिएका कारण विस्तारवादी र लम्पसारवादीहरूको गुलिया मिठा कुरा र झुट्ठा आश्वासनहरूको भ्रमजालबाट मुक्त हुन नसक्नाले हो । त्यसैगरी धर्मप्रतिको आस्था र साँस्कृतिक मोहले गर्दा पनि हो ।

**रामायण सर्किटको आर्थिक पाटोः**

रामायण सर्किटको घोषित लक्ष्य धार्मिक पर्यटनको प्रवर्द्धन र विकास भनिएको छ । त्यसकारण पर्यटन विकास भनेपछि आर्थिक पाटो जोडिने नै भयो । यसबाट नेपाली अर्थतन्त्रमा के फाईदा पुग्छ ? भरातले छ वटा राज्यका १५ वटा सहरलाई जोडेर धार्मिक पर्यटन विकास गर्न रामायणका मिथक पात्र सीता र रामको जीवनचक्रमा आधारित चक्रपथकोरूपमा रामायण सर्किटको डिजाईन गरेको छ । त्यसमा मुख्यतः नेपाली धार्मिक पर्यटकहरूलाई भारतको उपर्युक्त शहरहरू घुमाएर आर्थिक दोहन गर्ने र धर्मको आवरण र आडमा भारतीयहरूलाई नेपाल भित्राउने प्रवेशद्वार बनाउन चाहन्छ, जनकपुरलाई । भारतीय नियत र अहिलेसम्मको अनुभवले के बताउँछ भने नेपालीहरूलाई भारतमा लगेर पनि दोहन गर्ने र नेपाल आएर पनि दोहन नै गर्ने गरको अवस्थालाई ध्यान दिंदा नेपाली अर्थतन्त्रमा रामायण सर्किटको धार्मिक पर्यटन प्रवर्द्धन र विकासले योगदान भन्दा भोगदान नै गर्ने देखिन्छ । यसरी स्वाभिमान र राष्ट्रिय स्वाधीनताको दृष्टिले र आर्थिक पक्ष दुबै हिसावले रामायण सर्किट नेपालीको हितमा होईन, एकलौटी भारतीय हितमा छ ।

keshargurung@gmail.com

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुराँगाई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौंडा, बीरगंज, चन्द्रपुर, निजगढ, रौतहट
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७३१९९७
ईन्द्र कट्टेल - ९८१८१४५२१७०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२११६३
पुरुषोत्तम खनाल - ९८५२८३५६१०
- ९८१४७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दिबास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यासु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्ज्याङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
काठमाडौं फोन
१-५१००६९४
९८४१०६९६७
(सञ्जीव भण्डारी)
९८४४०३१५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०९८४०
रिजर्भ चाहिएमा सम्पर्क
सानीमाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५९३५
९८४४०७६२६१, ९८६१२८४३०

## आलोपालो

# रामायण सर्किटबारे



● के.बी. गुरुङ

**प्रारम्भः**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणलाई धार्मिक भ्रमणको आवरण दिईएको छ । यो धर्मको आडमा राजनीति गर्ने भारतीय जनता पार्टीको नीति नै हो । राजकीय भ्रमणलाई किन धार्मिक सांस्कृतिक भ्रमणको संज्ञा दिनु पर्‍यो ? यसका पछाडि कारण छ । त्यो कारण भनेको मोदीको नेतृत्वको सरकारले नेपाललाई गरेको नाकाबन्दीको पीडा नेपाली जनताले बिर्सेका छैनन् । र, मोदीको राजकीय भ्रमणका बेला हुनसक्ने जनताको संभावित आक्रोसलाई मध्यनजर गरेर र नेपालीहरूको धार्मिक अन्धता र सांस्कृतिक प्रेमको मनोविज्ञानलाई ध्यानमा राखेर सोची सम्झी नै धार्मिक कलेवर दिएको कुरा बुझ्न गाह्रो छैन ।

**धर्मको आडमा व्यापार र राजनीतिः**

भारतमा लामो समयदेखि धर्म संस्कृतिलाई आस्था र विश्वास तथा मुल्यमान्यता भन्दा ब्यापार, ब्यावसाय र उद्योग बनाउदै आएको देखिन्छ । उदाहरणका लागि टाटा र विड्ला मन्दिर तथा रामदेवको पतन्जली योगपीठ आदि । वास्तवमा ती मन्दिर र योगपीठ मात्र नभएर उद्योग ब्यापार पनि हुन् । आफ्नो देशको प्राकृतिक सुन्दरता र सांस्कृतिक पक्षहरूलाई आफ्नो देश र जनताको हितमा पर्यटन उद्योग र ब्यवसाय विश्व मै हुँदै आएको छ । नेपालले पनि त्यो गर्नु आवश्यक छ । तर धर्मलाई उद्योग, ब्यापार र ब्यवसाय बनाउनेमा भारत नै पहिलो नम्बरमा पर्छ होला । हिन्दु धर्मको मान्यता अनुसार धर्मलाई ब्यापार र ब्यावसाय बनाउनु पाप मानिन्छ । तर हिन्दु महासंघको राजनीति संगठन भारतीय जनता पार्टीले धर्मलाई नै राजनीति आधार र ब्यापार ब्यवसाय बनाउदै आएको छ । पछिल्लो चरणमा भारतीय शासकहरूले नेपालमा आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक प्रभाव र हस्तक्षेपमा धार्मिक आधारलाई नै बढी प्रयोग गर्ने गरिहेका छन् । त्यही सिलसिलाको कडी हो, मोदीको राजनीतिक भ्रमणलाई धार्मिक भ्रमणको आवरण ।

धार्मिक सर्किट : भारतले खास गरेर मोदी सरकार आएपछि ‘स्वदेश दर्शन’ नामक परियोजनाको नाममा धार्मिक सर्किटहरू बनाउने अभियान नै चलाएको छ । त्यसमा मुख्यतः बुद्ध सर्किट, रामायण सर्किट र कृष्ण सर्किट छन् । तर यस लेखमा रामायण सर्किटले नेपालको सार्वभौमिकता र अखण्डा तथा आर्थिक पाटोमा पार्ने नकारात्मक असरका बारेमा केही सामयिक चर्चा गरिने छ ।

रामायण सर्किटः रामायण सर्किटले राम र सीताको जन्म स्थान र उनीहरूको जिवनकालमा गरेको भ्रमणको पथलाई परिपथ (सर्किट) कोरूपमा जोडेर धार्मिक पर्याटनको प्रवद्धन र विकास गर्न भारतको छ राज्यहरू उत्तर प्रदेश, विहार, छत्तिसगढ, तेलंगना, कर्नाटक र तमिलनाडुका १५ वटा शहरहरूलाई जोड्ने लक्ष्य बनाएको छ । रामायण सर्किटले रामको ससुराल र सीताको माईती भनिएको नेपालको जनकपुरलाई समेत सर्किटभित्र राख्ने भारतीय शासकको प्रयासलाई २०७५ बैसाख २८ गतेका दिन भनिएको धार्मिक भ्रमणमा आएका भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्तरूपमा रामायण सर्किटको उद्घाटन गरेर बैधानिता दिएका छन् । त्यसकासाथै ‘जनपुर-अयोध्या-जनकपुर’ बस यातायातको नाममा जनकपुरबाट दुबै देशका प्रधानमन्त्रीले हरियो झण्डा हल्लाएर बस संचालको प्रारम्भसमेत गरेका छन् ।

उपर्युक्त विषय झट्ट हेर्दा र सुन्दा सामान्य बस संचालन र धार्मिक कुरा जस्तो लाग्छन् । शासकहरूले बनाउन खोजेको पनि त्यही हो । तर त्यसको भित्री विषय अत्यन्त गम्भीर र दुरगमी दुष्परिणाम दिने खालका छन् ।

**रामायण सर्किट नेपालको सार्वभौमिकता र अखण्डता विरुद्धः**

रामायण सर्किटको बारेमा सामान्य र संक्षिप्तमा माथि उल्लेख गरियो । कुनै देशले आफ्नो सिमाभित्र आफ्नो आर्थिक, सामाकि, धार्मिक र सांस्कृतिक प्रवर्द्धन र विकासको निम्ति विभिन्न विषयमा सकिर्ट निर्माण गर्नु उचित नै हो । त्यस अर्थमा भारतले आफ्नो देशभित्र रामायण सर्किट, बुद्ध सर्किट, कृष्ण सर्किट, आदि जुनसुकै सर्किटहरू पनि निमार्ण गर्नु नेपाली जनताको टाउको दुखाईको विषय होईन र हुनु हुँदैन । तर भारतले बुद्ध र रामायण सर्किटको नाममा जसरी नेपालको सार्वभौमिकता र अखण्डता माथि घुमाउरो पाराले हमला गरेको छ भने नेपालका दलाल साशकहरूले त्यसलाई बैद्यता दिने र जायज ठहर्‍याउने काम भएको छ । त्यो स्वाभिमानी देशभक्त नेपालीहरूलाई सह्य हुन सक्दैन र हुनु हुँदैन ।

रामायण कसरी नेपालको सार्वभौम र अखण्डताको विरुद्धमा छ :

भारतले बनाएको रामायण सर्किटले सीताको जन्मस्थान नेपालको जनकपुरलाई समावेश गरको छ । जब कुनै चिजलाई एउटा परिधिबाट कुनै अर्को परिधिभित्र राखिन्छ भने स्वभाविकरूपले त्यो चिजले पहिलाको परिधिबाट दोस्रो परिधिभित्र जान्छ । यसरी दोस्रो परिधिभित्र जानु भनेको पहिलो परिधिको सार्वभौम र अखण्डतामा आघात वा हस्तक्षेप हुन्छ । अब भनौं जनकपुर नेपालको परिधिबाट भारतले बनाएको रामायण सर्किटको परिधिभित्र समावेश गरेपछि के हुन्छ ? त्यसको सोझो अर्थ नेपालको सार्वभौम र अखण्डतामाथि हस्तक्षेप । तर यो सार्वभौम र अखण्डतामाथि हस्तक्षेपलाई धार्मिक र सांस्कृतिक आवरणले ढाकिएको छ । त्यसैले यसको शब्द पनि त्यही प्रकारको अर्थलाग्ने चयन गरिएको छ, ‘सर्किट’ ।

‘सर्किट’ शब्दको अर्थ परिपथ वा चक्रपथ, परिधि, घेरा, परिक्रम भन्ने हुन्छ । अर्को कुरा सर्किट शब्दको प्रयोग विशेषत विद्धुतिय प्रणाली र अवयवहरूमा प्रयोग हुने गर्दछ । जस्तैः सर्किट वोर्ड, सर्किट ब्रेकर, सिम्पल सर्किट, शर्ट र ओपेन सर्किट, आदि । विद्धुतिय प्रणालीमा सर्किट भनेको विद्धुत धारा (करेण्ट) हिड्ने लूप पथ भन्ने बुझिन्छ । जो तारको माध्यामबाट विद्धुतिय विभिन्न कम्पोनेण्टहरूमा विद्धुतिय धारा प्रवाह गर्द्छ । विद्धुत धारा (करेण्ट)को प्रवाह (हिडाई) घुमाउदार र साधरण आखाले नदेखिने अदृश्य पनि हुन्छ । सर्किटको बारेमा किन यती लामो कुरा गर्नु परेको हो भने मोदी र ओलीले जनकपुरबाट उद्घाटन गरेको रामायण सर्किट विद्धुतिय सर्किट भन्दा अझ जटिल, घुमाउदार र अदृश्य छ । सर्किटको साधारण अर्थ जहांबाट प्रारम्भ हुन्छ अन्त्य पनि त्यही आएर हुन्छ । त्यसैले परिपथ वा चक्रपथ पनि हुन्छ, अर्को अर्थ । उदाहरणको लागि काठमाडौको चक्रपथको प्रारम्भ बिन्दु कलंकी मान्ने हो भने चक्रपथको अंन्तिम बिन्दुपनि पनि कलंकि नै हुन्छ । अब जनपुरलाई रामायण सर्किटमा जोड्ने भन्नुको सोझो अर्थ जनकपुरलाई भारतीय धार्मिक र सांस्कृतिक परिपथ वा चक्रपथ भित्र पार्नु हो ।

सामन्यतः धर्म, संस्कृति र भाषाले देशको सीमा वारपार गरेको हुन्छ । तर त्यसलाई भू-राजनीतिले खण्डित गरेर आ-आफनो देशको सीमाको परिधिभित्र नियन्त्रण र ब्यवस्थापन गरेको हुन्छ । त्यस अर्थमा धर्म, संस्कृति र भाषा मिलेको भरमा एक देशले अर्को देशको हिस्सालाई आफ्नो सर्किटभित्र राख्नु उस्को सार्वभौमिकता र अखण्डतामाथिको हमला हुन्छ । त्यसकारण जनकपुर नेपालको अभिन्न अंग भएकाले त्यसलाई भारतीय धार्मिक रामायण सर्किटसंग जोड्नु भनेको धर्मको आवरणमा नेपालको सार्वभौम र अखण्डतामाथिको भारतीय विस्तारवादको अदृश्य हमाला हो भने यतिवेला नेपाली

...बाँकी ७ पेजमा

## हस्तक्षेप...

भारतीय विस्तारवाद मूर्दावादसहितका नाराहरू लेखिएका झण्डा र तुलहरू टुँडिखेलको आकाशमा फहराइयो । सोही क्रममा प्रहरीले क्रान्तिकारी युवा लिगका अध्यक्ष अमीर महर्जन, देजमोका केन्द्रीय सचिवालय सदस्य तथा कार्यालय सचिव हरिकृष्ण गजुरेल, देजमो केस गोर्की श्रेष्ठसहित ६ जना र कीर्तिपुर क्याम्पसको परिसरबाट अनसनमा बसेका क्रान्तिकारी माओवादी निकट विध्यार्थी संगठन अखिल (क्रान्तिकारी)का केन्द्रीय सचिवालय सदस्य तथा काठमाडौं जिल्ला अध्यक्ष महेश श्रेष्ठ, जितेन्द्र लम्साल, संघर्ष दाहालसहित नौं जना विध्यार्थी नेताहरूलाई गिरफ्तार गरियो । शुक्रबारै कञ्चनपुरमा क्रान्तिकारी माओवादीको अयोजनामा मोदी र ओलीको पुत्ला दहन गरियो ।

मोदी भ्रमणको दोस्रो दिन क्रान्तिकारी माओवादीले देशका विभिन्न भागमा निकालेको विरोध जुलुस र प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी पार्टीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलसहित २९ जना नेता कार्यकर्तालाई प्रहरीले गिरफ्तार गर्‍यो । काला झण्डा, व्यानरसहित काठमाडौंको नरदेवीबाट निकालिएको विरोध जुलुसलाई प्रहरीले रत्नपार्कमा आइपुगेपछि हस्तक्षेप गरेको थियो । त्यसैगरी सोही दिन भएको कैलालीको जुलुस र सभामा हस्तक्षेप गरी देजमोका ७ नं. प्रदेश संयोजक रामबहादुर केसीसहित ३ जनालाई प्रहरीले गिरफ्तार गर्‍यो भने बाँके र बर्दियाले नेपालगञ्जमा गरेको संयुक्त विरोध प्रदर्शन र मोदीको पुत्लादहन कार्यक्रममाथि प्रहरीले हस्तक्षेप गरी बाँके सेक्रेटरी अर्जुनसहित ४ जनालाई गिरफ्तार गर्‍यो । यता बुटवलमा गरिएको विरोधसभा सकिनै लाग्दा प्रहरीले पार्टी पिविएम केवी गुरुङसहित ३ जनालाई गिरफ्तार गर्‍यो । यहाँ विरोध कार्यक्रमको समचार संकलन गर्न गएका क्रान्तिकारी पत्रकार रवि पाण्डेलाई पनि पत्रकार हुँ भन्दा भन्दै पनि लछारपछार पारेर प्रहरीले गिरफ्तार गर्‍यो । गिरफ्तार गरिएका सबै नेता कार्यकर्तालाई मोदी दिल्ली उडेको केही घण्टापछि मात्र रिहा गरिएको थियो ।

विरोध जुलुस र सभामाथि हस्तक्षेप र नेता कार्यकर्ताहरूको गिरफ्तारीको विरोधमा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य किरणले एक वक्तव्य जारी गर्दै प्रहरी हस्तक्षेप हस्तक्षेप र गिरफ्तारीलाई एकातिर भारतीय विस्तारवादद्वारा नेपालको राष्ट्रिय स्वाधीनतामाथि गरिँदै आएको हस्तक्षेपको अत्यन्तै भद्दा नमूना भएको र अर्कोतिर आफूलाई देशभक्त, वाम तथा कम्युनिस्ट भनाउने ओली सरकारको निकृष्ट दलाली तथा राष्ट्रिय आत्मसमर्पणवादको निर्लज्ज उदाहरण भएको जनाउनु भएको छ । उहाँले सरकारको यो कदमलाई जनताको विरोध प्रदर्शन गर्ने मौलिक अधिकारलाई कुल्चने घोर फासीवादी क्रियाकलाप भएको भन्दै गिरफ्तार गरिएका सिपी गजुरेल लगायतका नेता कार्यकर्ताको अविलम्ब रिहाइको पनि जोड्दार माग गर्नुभएको थियो ।

वर्गदृष्टिलाई प्राप्त समाचार ६ नं. प्रदेशको दैलेखमा विरोध जुलुससहितको सभा सम्पन्न भएको छ । सभालाई पार्टी स्थायी समिति सदस्य तथा प्रवक्ता हरिभक्त कँडेलले सम्बोधन गर्नुभएको थियो । सदरमुकामको देवकोटा चोकमा आयोजना गरिएको विरोधसभालाई पार्टी केस चक्रपाणि शर्माले समेत सम्बोधन गर्नुभएको थियो भने सञ्चालन केस तथा दैलेख इन्चार्ज दिपक शाहीले गर्नुभएको थियो । गणेश चोकमा भएको विरोधसभालाई भने नेता कृष्ण गुरुङले सम्बोधन गर्नुभएको थियो । त्यसैगरी १ नं. प्रदेशको सुनसरीको इटहरीमा विरोधसभा सम्पन्न गरिएको छ । सभालाई पार्टीका पिविएम सीताराम तामाङ, नगेन्द्र राई र केस गणेश कटुवालले सम्बोधन गर्नुभएको थियो । त्यसैगरी २ नं. प्रदेशको रौतहटको चपुरमा आयोजित विरोधसभालाई पार्टी पिविएम कृष्णदेव सिंह दनुवारले सम्बोधन गर्नुभएको थियो । यता ३ नं. प्रदेशको चितवनको नारायणघाटको लायन्स चोकमा आयोजित जुलुससहितको विरोधसभालाई देजमोका केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष अशोक शर्माले सम्बोधन गर्नुभएको थियो ।

## गिरफ्तारी...

प्रदर्शनमा सहभागी हुनु भएका देशैभरिका आदरणीय जनसमुदायसहित सम्पूर्ण कमरेडहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।” जनाइएको छ ।

वक्तव्यको पूर्णपाठ यस्तो छ, “भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको क्रममा ठूलो शक्ति प्रदर्शन गरी यही वैशाख २८ गते ओली-मोदी गठबन्धनमा अरुण तेस्रो जलविद्युत परियोजनाको शिलान्यास गरिएको छ । मोदीको नेपाल भ्रमण, राष्ट्रघाती अरुण तेस्रोको शिलान्यास तथा ओली-मोदी गठबन्धनका विरुद्ध आज जुलुश प्रदर्शनको क्रममा रत्नपार्कबाट हाम्रो पार्टीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष क. सिपी गजुरेल, पी.वि.एम.द्वय क. कमल चौधरी तथा क. पवनमान श्रेष्ठ, सिसिएम क. सुरेश श्रेष्ठ, क. शारदा महत, क. रमेश पौडेल, क. खगेन्द्र छन्त्याल, क. इन्दिरा अधिकारी, क. टेकबहादुर विक, क.शोभा विश्वकर्मा, क.मनोज बुढाथोकी, क. भूमि बुढाथोकी, क.सुरेन्द्र राई, क.मधु राई, क. जितबहादुर लामा, क.सुमित्रा न्यौपाने, क.अर्जुनलाल श्रेष्ठ, क. प्रेम तामाङ, क. नमस्ते सायमी, क. कर्ण विसी, क.मंगल तामाङ, क. ज्ञानेन्द्र प्रजापति, क.सरोज मोक्तान, क. बद्रहरि नेपाल, क.दीलबहादुर तामाङ, क.सुरेश तामाङ, क. फडिन्द्र कार्की, क.बालकुमार सुनारसहितका दर्जनौं कमरेड तथा साथीहरूलाई निर्लज्ज रूपमा गिरफ्तार गरिएको छ ।

यसैक्रममा हिंजो काठमाडौंको असनमा अवस्थित नेकपा (क्रान्तिकारी) को जिल्ला कार्यालयबाट हाम्रो पार्टीका केन्द्रिय समिति सदस्यद्वय अमिर महर्जन तथा हरिकृष्ण गजुरेल, देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सदस्य गोर्की श्रेष्ठका साथै अरुण तेस्रो शिलान्यासका विरुद्ध अनसनरत अनेरास्ववियू (क्रान्तिकारी) का केन्द्रीय सचिव तथा काठमाडौंका संयोजक महेश श्रेष्ठ, केन्द्रीय सदस्यहरू जितेन्द्र लम्साल, संघर्ष दाहाल सहित ८ जना नेता कार्यकर्ताहरूलाई पनि गिरफ्तार गरी प्रहरी हिरासतमा राखिएको छ ।

त्यसैगरी बुटवलमा आज पार्टी पिविएम तथा देजमो ५ नं. प्रदेश संयोजक क.केवी गुरुङ, क.प्रेम रिमाल, क.रवि पाण्डे, नेपालगञ्जमा बाँके सेक्रेटरी क.अर्जुन, क.भूकम्प, क.विराट, क.विशाल शाही र कैलालीमा देजमोका ७ नं. प्रदेश संयोजक क. रामबहादुर केसी, क.टंक कोइराला र क. केशव साउदललाई पनि विरोध प्रदर्शनको क्रममा गिरफ्तार गरिएको छ ।

यो एकातिर भारतीय विस्तारवादद्वारा नेपालको राष्ट्रिय स्वाधीनतामाथि गरिँदै आएको हस्तक्षेपको अत्यन्तै भद्दा नमूना हो भने अर्कोतिर आफूलाई देशभक्त, वाम तथा कम्युनिस्ट भनाउने ओली सरकारको निकृष्ट दलाली तथा राष्ट्रिय आत्मसमर्पणवादको निर्लज्ज उदाहरण हो । साथै यो जनताको विरोध प्रदर्शन गर्ने मौलिक अधिकारलाई कुल्चने घोर फासीवादी क्रियाकलाप पनि हो । हाम्रो पार्टी ओली सरकारका यसप्रकारका गतिविधिहरूको तिव्र विरोध एवम् भर्त्सना गर्दछ । साथै गिरफ्तार गरिएका क. सिपी गजुरेल लगायतका सम्पूर्ण कमरेडहरूको अविलम्व रिहाइको पनि जोडदार माग गर्दछ । अन्तमा, हाम्रो पार्टी राष्ट्रघातको विरोध तथा देशको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको पक्षमा दृढतापूर्वक उभिई जुलुश प्रदर्शनमा सहभागी हुनु भएका देशैभरिका आदरणीय जनसमुदायसहित सम्पूर्ण कमरेडहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।”

## यसरी...

जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सपी गजुरेल, पी.वि.एम.द्वय कमल चौधरी तथा पवनमान श्रेष्ठ, सिसिएम सुरेश श्रेष्ठ, शारदा महत, रमेश पौडेल, खगेन्द्र छन्त्याल, इन्दिरा अधिकारी, टेकबहादुर विक, शोभा विश्वकर्मा, मनोज बुढाथोकी, भूमि बुढाथोकी, सुरेन्द्र राई, मधु राई, जितबहादुर लामा, सुमित्रा न्यौपाने, अर्जुनलाल श्रेष्ठ, प्रेम तामाङ, नमस्ते सायमी, कर्ण विसी, मंगल तामाङ, ज्ञानेन्द्र प्रजापति, सरोज मोक्तान, बद्रहरि नेपाल, दीलबहादुर तामाङ, सुरेश तामाङ, फडिन्द्र कार्की, बालकुमार सुनारसहित २९ जनालाई गिरफ्तार गरेर टेकु प्रहरी कार्यालयमा राखिएको थियो ।

यसैक्रममा शुक्रबार काठमाडौंको असनमा अवस्थित नेकपा (क्रान्तिकारी माओवादी) को जिल्ला कार्यालयबाट पार्टीका केन्द्रीय समिति सदस्यद्वय अमिर महर्जन तथा हरिकृष्ण गजुरेल, देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सदस्य गोर्की श्रेष्ठ, बोधराज श्रेष्ठ, विकास तामाङ र प्रकाशचन्द्र ढकाललाई पक्राउ गरेको थियो । त्यस्तै अरुण तेस्रो शिलान्यासका विरुद्ध अनसनरत अनेरास्ववियू (क्रान्तिकारी) का केन्द्रीय सचिव तथा काठमाडौंका महेश श्रेष्ठ, केन्द्रीय सदस्यहरू जितेन्द्र लम्साल, संघर्ष दाहाल, मनोविज्ञान शर्मा, त्रि.वि. क्याम्पस अध्यक्ष हेमराज शर्मा, सुरज आचार्य, विनोद के.सी. र सुजन सापकोटा लगायतका विध्यार्थी नेताहरूलाई प्रहरीले गिरफ्तार गरेको हो । गिरफ्तार गरिएका नेताहरूलाई कीर्तिपुर प्रहरी चौकीमा राखिएको थियो । विद्यार्थीहरूले प्रहरी हिरासतभित्र पनि अनसन बसेका थिए ।

त्यसैगरी बुटवलमा शनिबार विरोध प्रदर्शनको क्रममा पार्टी पिविएम तथा देजमो ५ नं. प्रदेश संयोजक केवी गुरुङ, प्रेम रिमाल र समाचार संकलनको लागि गएका पत्रकार रवि पाण्डेलाई गिरफ्तार गरियो । पत्रकार भएको परिचय देखाउँदा देखाउँदै पनि लछार पछार पारेर गिरफ्तार गरेको पत्रकार पाण्डेले बताउनु भयो ।

उता नेपालगञ्जमा पनि विरोध जुलुस र प्रदर्शनको क्रममा बाँकेका पार्टी सेक्रेटरी अर्जुन, भूकम्प, विराट, विशाल शाही र कैलालीमा देजमोका ७ नं. प्रदेश संयोजक रामबहादुर केसी, टंक कोइराला र केशव साउदललाई पनि विरोध प्रदर्शनको क्रममा गिरफ्तार गरियो ।

## टुंडिखेलमा...

भोटाहिटी, वीरअस्पताल, र न्यूरोडगेट मोदी भ्रमणको विरोधमा कालोझण्डासहितको वेलुन उडाइएको थियो ।

झण्डामा भारतीय विस्तारवाद मूर्दावाद, भारतीय हस्तक्षेप बन्द गर, मोदी गो व्याक टु इण्डियालगायतका नारा लेखिएका थिए । क्रान्तिकारी माओवादीको विरोध प्रदर्शनलाई असफल पार्न ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो ।

असनमा रहेको क्रान्तिकारी माओवादीको जिल्ला कार्यालयमा हस्तक्षेप गरी प्रहरीले ६ जना नेता कार्यकर्तालाई गिरफ्तार गरेको थियो । तर प्रहरीलाई छक्याउँदै क्रान्तिकारी माओवादीले ६ वटै आर्कबाट कालो झण्डासहितको वेलुन उडाएका थिए । आर्कको नेतृत्व पार्टीका केन्द्रीय सदस्यहरूले गरेका थिए । वेलुन उडाउँदै क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरूले भारतीय विस्तारवाद र ओली सरकारको राष्ट्रिय आत्मसमर्पणवादका विरुद्ध नाराबाजी समेत गरेका थिए ।

क्रान्तिकारी माओवादीले कालो झण्डा र व्यानरसहित भारतीय विस्तारवादका विरुद्ध चर्को नाराबाजी गरेको थियो र देवकोटा चोकदेखि गणेशचोकसम्म विरोध जुलस प्रदर्शन गरिएको थियो । हाम्रो संगठन क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय कार्यालय सदस्य तथा हरपलनेपाल डटकमका प्रकाशक तथा सम्पादक लोकराज जैसी र महासंघका बर्दिया अध्यक्ष आयुष न्यौपानेलाई नेपाल प्रहरीले विनाकारण गिरफ्तार गरी प्रहरी हिरासतमा राखिएको घटनाप्रति संगठनको गम्भीर रूपमा ध्यानाकर्षण भएको छ ।

हाम्रो संगठन फासिवादी राज्यआतंक मच्चाउने यस खालको ओली सरकारको कदमको घोर निन्दा एवम् भर्त्सना गर्दै गिरफ्तार गरिएका पत्रकारद्वय लोकराज जैसी र आयुष न्यौपानेको अविलम्ब रिहाईका लागि जोडदार माग गर्दछ । साथै, समाचार संकलनका लागि गएका पत्रकार रवि पाण्डेलाई पत्रकार भएको परिचय पत्र देखाउँदा देखाउँदै शनिबार बुटवलबाट अमानवीय तरिकाले लछारपछार पारी गरिएको गिरफ्तारी र गरिएको दुर्व्यवाहरको पनि कडा शब्दमा निन्दा गर्दछ ।

## प्रहरी हिरासतमै विद्यार्थी नेताहरूको अनसन

काठमाडौं । अरुण तेस्रो शिलान्यासलगायतका असमान सन्धि सम्झौताहरूको खारेजी, ओली-मोदी गठबन्धन, मोदी भ्रमण र ओलीको लम्पसारवादका विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी) निकट विध्यार्थी संगठन अखिल (क्रान्तिकारी) का नेताहरू गिरफ्तारमा परेपछि उनीहरू प्रहरी हिरासतभित्रै अनसन बसे ।

शुक्रबार विहान १० बजेबाट अखिल (क्रान्तिकारी)ले त्रिभुवन बिश्वविद्यालय केन्द्रीय क्याम्पसमा राखेको थियो रिलेअनसन । रिले अनसनमा बसेका विध्यार्थी नेताहरू अखिल (क्रान्तिकारी)का केन्द्रीय सचिवालय सदस्य तथा का काठमाडौं जिल्ला संयोजक महेश श्रेष्ठ, केन्द्रीय सदस्यहरू जितेन्द्र लम्साल, संघर्ष दाहाल, मनोविज्ञान शर्मा, त्रि.वि. क्याम्पस अध्यक्ष हेमराज शर्मा, सुरज आचार्य, विनोद के.सी. र सुजन सापकोटा लगायतका विध्यार्थी नेताहरूलाई प्रहरीले गिरफ्तार गर्‍यो । उनीहरूलाई शनिबार बेलुका मोदी भ्रमण सकेर दिल्ली उडेपछिमात्र रिहा गरिएको थियो ।

## सात विद्यार्थी संगठन थप आन्दोलित

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी), नेकपा (विप्लव) नजिकको अखिल क्रान्तिकारी, राजपा विध्यार्थी संगठन, नयाँ शक्ति विध्यार्थी युनियन, अनेरास्ववियू पाँचौं, समाजवादी विध्यार्थी फोरम र राष्ट्रवादी विद्यार्थी संघ विद्यार्थी संगठन निजी विद्यालयले गरेको शुल्क वृद्धिको विरोधमा संयुक्त रूपमा थप आन्दोलित भएका छन् ।

मंगलबार उनीहरूले पूर्वघोषित कार्यक्रम अनुसार माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेका छन् । विरोध प्रदर्शनमा सातवटै विध्यार्थी संगठनका केन्द्रीय नेताहरूको बाक्लो उपस्थिति रहेको थियो । उनीहरूले निजी विध्यालयहरूले वृद्धि गरेको शुल्क फिर्ता नगरे ८ हजार निजी विद्यालयमा तालाबन्दी गर्ने चेतावनी दिएका छन् ।

२३ गते पत्रकार सम्मेलन गरेर आन्दोलनका कार्यक्रम घोषणा गरेका उनीहरूले शिक्षा विभाग र सत्तापक्षीय एमाले-माके र कांग्रेस निकट विध्यार्थी संगठनबीच भएको सम्झौताले शैक्षिक माफियाहरूकै पक्षपोषण गरेको र वृद्धि गरिएको शुल्क फिर्ता नभएकोले त्यो सम्झौताको समेत विरोध गर्दै आन्दोलनमा उत्रिएका हुन् ।

घोषित आन्दोलनका कार्यक्रम अनुसार सात विध्यार्थी संगठनहरूले सोमबार शिक्षा विभागका सचिवलाई चेतावनी पत्र बुझाएका छन् भने मंगलबार माईतीघर मण्डलामा विरोध प्रदर्शन गरेका हुन् । उनीहरूले शुल्क वृद्धि, शिक्षा क्षेत्रमा रहेका तमाम विकृतिहरूका विषयमा २६ गते अर्थात् बुधबार संयुक्त अन्तर्क्रिया कार्यक्रम गरे ।

शिक्षा विभागले बैशाख २२ गते विध्यार्थी संगठनहरूले संघर्षका सम्पूर्ण कार्यक्रम फिर्ता गर्ने सहमति भएको व्यहोर ासहितको वक्तव्य सार्वजनिक गरेपछि सात विध्यार्थी संगठनले तत्कालै बैठक बसी आन्दोलन जारी रहीरहेको अवस्थामा आएको वक्तव्यप्रति कडा आपत्ति जनाउँदै उनीहरूले जारी गरिएको वक्तव्यमा ‘आन्दोलनरत संयुक्त विध्यार्थी संगठनलाई नदेख्ने र थाहा नपाउने शिक्षा मन्त्रीको आँखा र मष्तिस्कमा समस्या देखिएकोले सात विध्यार्थी संगठनको तर्फबाट शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं’ समेत भनिएको छ ।

ठूला भनिएका पार्टी निकटका विध्यार्थी संगठनका नेताहरू र शैक्षिक माफियाहरूको मिलेमतोमा शैक्षिक क्षेत्रमा निजीकरण, व्यापारीकरण र माफियाकरण मौलाएको बुझाई आम जनसर्वसाधारणमा व्याप्त छ । सात विध्यार्थी संगठनले जारी राखेको आन्दोलनबाट शुल्क वृद्धि फिर्ता हुने आशमा आम विध्यार्थी र अभिभावहरू रहेको देखिएको छ ।

## क्रान्तिकारी युवा लिगको बर्दिया जिल्ला भेला सम्पन्न, अध्यक्षमा रोशन थारु

बर्दिया । नेकपा (क्रान्तिकारी माओवादी) को युवा संगठन क्रान्तिकारी युवा लिग नेपालले मंगलबार बर्दियामा जिल्ला भेला सम्पन्न गरेको छ । दर्जनौ प्रतिनिधि, पर्यवेक्षकहरूको सहभागितामा भएको उक्त भेलाले रोशन थारूको संयोजकत्वमा ९ सदस्यीय जिल्ला कमिटी निर्माण गरेको छ ।

भेलापछि बसेको युवा लिगको पहिलो बैठकले जन्जिर थारू ‘जागृत’ लाई सह-संयोजकमा चयन गरेको छ भने सदस्यहरूमा माघुराम थारू, पटुवारी गुजर, पुन्सराम थारू, दामोदर परियार, साहरूख गुज्जर, रत्न ऐडी रहेका छन् ।

जन्जिर थारूको सभापतित्वमा सम्पन्न भेलामा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा बाँके बर्दिया ईन्चार्ज सङ्कुल, पार्टी सेक्रेटरी लोकेशको सहभागिता रहेको थियो । कार्यक्रममा क्रान्तिकारी युवा लिग नेपालको पाँच नम्बर प्रदेश संयोजक भुकम्प, देजमो नेपालका प्रदेश सचिवालय सदस्य, क्रान्तिकारी ट्रेड युनियन महासंघ बर्दियाका अध्यक्ष स्माइल गुजर लगायतको सहभागिता रहेको थियो ।

## किराती मोर्चा मोरङको अध्यक्षमा रामकुमार राई

विराटनगर । अखिल नेपाल किराती राष्ट्रिय मुक्ति मोर्चा मोरङको एक भेलाले रामकुमार राई अध्यक्ष रहेको ११ सदस्यीय कमिटि निर्माण गरेको छ । मोर्चाको सम्पन्न भेलाले सदस्यहरूमा सचिवमा राजिन्द्र राई, कोषाध्यक्षमा कला राई र सदस्यहरूमा सुवास, प्रेम, खडग, जमुना, आरिका, केशव, बृहस्पति र शशीकला रहेका छन् । अखिल नेपाल आदिबासी जनजाति माहासंघका महासचचिव नगेन्द्र राईको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भेलामा नेकपा (क्रान्तिकारी माओवादी) का मोरङ जिल्ला पार्टी ईन्चार्ज सीताराम बुढीथोकी, किराती राष्ट्रिय मुक्ति मोर्चाका माहासचचिव गौरव राई, सोही मोर्चाका सचिव प्रेम राईको विशेष उपस्थिति रहेको थियो । भेलापछि बसेको बैठकले जेष्ठ १ र २ गते खोटाङको हलेशी तुवाचुङ्ग नगरपालिका हलेशी बजारमा हुन लागेको किराती राष्ट्रिय मुक्ति मोर्चाको राष्ट्रिय सम्मेलनका लागि १३ सदस्सीय सम्मेलन प्रतिनिधि पठाउने समेत निर्णय गरिएको छ ।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।